Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- ३, २०८० साल साउन २३ गते मंगलबार (Aug 8, 2023) www.janaakash.com.np



जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**
**मोबाइलः ९८५१०८७१५६**
Email : janaakash.com.np@gmail.com


# खुस्किदै गएको नेपालको अर्थतन्त्र कसले जोगाउने ?

*मोहन कार्की ।*

## समसामयिक टिप्पणी



यतिवेला नेपालका मानिसहरु अर्थतन्त्र ओरालो लागेको कुरा गरिरहेका छन् । अर्थतन्त्र ओरालो लागेको बताउदै चोक चोकमा व्यापारीहरु कुरा गरेर बसेका भेटिन्छन् । राजनीतिक पार्टीहरुलाई देशको मूख्य विषयहरुमा चासो, चिन्ता कतै देखिदैन । उनिहरु मध्य कुन पार्टीको कुन मन्त्रीले सरकारमा भएको बेला सस्तो लोकप्रीयताको लागि स्टन्ड गर्ने भन्ने वाहेक अरु काम अपवादमा वाहेक गरेका छैनन् ।

अहिलेको अवस्था पनि यहि नै हो । नेपालको अर्थतन्त्र ओरालो लागेको बिषयमा सरकारमा भएका पार्टी, नेता, मन्त्री सवैले स्वीकार गरेकाछन् । तर दिर्घकालीन रुपमा देशको अर्थतन्त्र कसरी बलियो बनाउने भन्ने ध्यान कसैले दिएको पाइदैन । त्यो नत २००७ सालमा परिवर्तनका लागि भनेर दिल्लीका आर्शिवाद पाएका नेता कार्यकर्ताहरुले नेपालमा आएर सरकारको नेतृत्व गर्नेहरुले गरे नत २०४६ सालको परिवर्तन भन्ने पार्टीहरुले नै नेपाललाई औद्योगिककरण गर्नमा जोड दिए कसैले पनि त्यो नेपालको धरातल बलियो बनाउने काम गरेनन् ।

महेन्द्रकालीन शासन व्यावस्थामा २०१७ देखि

२०२६ सालसम्म पाँचै विकास क्षेत्रमा औद्योगिक क्षेत्र घोषणा गरेर गरेका काम नेपालको औद्योगिक विकासमा नेपाललाई आत्मनिर्भर बनाउन पऱ्यास भएको देखिन्छ ।

त्यस्तै राणकालीन कालमा नै फर्पिङ-सुन्दरीजल जलविद्युत आयोजना बनाएर नेपाललाई आधुनिक विकासमा लान शुरु गरेको ईतिहास भेटिन्छ । राणाकालीन अवस्थामा नै नेपालको सवैधानिक अभ्यास गर्न जंगबहादुरले वेलायत भ्रमणको वेला वेलायतवाट संविधान ल्याएर अध्ययन गर्न लगाई नेपालमा संवैधानिक काम गरेको ईतिहासमा उल्लेख छ । त्यसैगरी राणाकालीन शासन व्यावस्थामा नै चन्द्रगिरी नहर निर्माण गरेर तराईम कृषिको

विकासमा काम गरेको भेटिन्छ । विराटनगर जुटमिल राणाकालीन व्यवस्थामा नै स्थापना भएको रहेछ । नेपालमा प्रेसको विकास जंग बहादुर राणाले गिद्दे प्रेस वेलायतवाट ल्याएर राष्ट्र बैकका छपाईका सामान छपाउन शुरु गरेर नेपालको प्रेसको विकासमा राणाहरुको योगदान देखिन्छ । तराईका उर्वर क्षेत्रमा राइश मिल खोलेर किसानले उत्पादन गरेका धान, गहु प्रशोधन गरी नागरिकहरुलाई सुविधा त्यतिवेलाका राणकालीन व्यवस्थाले नै सुरक्षित गरेको देखिन्छ । दोस्रो विश्वयुद्धमा भोकमारीको संकटमा गुज्रेको दक्षिण कोरियालाई सन् १९६१ मा नेपालले खाद्यन्न सहयोग गरेको ईतिहास नेपालको छ ।

महेन्द्रकालीन साशनकालमा स्थापना भएका बालाजु कपडा उद्योग, बासवारी छालाजुत्ता कारखाना, हेटौडा कपडा उद्योग, तराईको रेशमी खेती, बुटवलको धागो कारखाना उद्योग, नवलपरासीको काजग उद्योग, ललितपुरमा रहेका कपडा बुन्ने टेक्सटायलहरु रहेका थिए ।

देशलाई टाट पल्टाउने परिवर्तन ।

जव २००७ सालदेखि परिवर्तनको नाम लिएर प्रजातन्त्र अलाप्न थाले राजनीतिक पार्टीहरुले नेपालको उद्योगति त्यहिवाट शुरु भएको देखिन्छ । त्यहि २००७ देखि २०१७ सालसम्म प्रजातान्त्रिक व्यावस्था भनिएको सरकारले गरेका २०११ सालमा कोशी सम्झौता, २०१६ सालमा गण्डक सम्झौता भईसकेको थियो । यसले अन्तरष्ट्रिय रुपमा नेपालको आफ्नो पूर्ण स्वामित्व रहेका नदी नालाहरु भारतले अधिकार खोस्ने सहमति गरेको

बाँकी ६ पष्ठमा

# दशैं-तिहारका लागि खर्च जुटाउन भारत जानेको लर्को

काठमाडौं । शनिबार बढैयाताल गाउँपालिका-२ बर्दियाका खटकराज बुढा दशैं-तिहारका लागि खर्च जुटाउन भन्दै भारत जानका लागि नेपाल-भारत सीमानाका जमुनाहमा भेटिए । उनले नेपालगन्जको गर्मीमा पसिनैपसिना भएका खटकराजले बर्खे खेतीबाली सकेर चाडपर्व खर्चको जोहो गर्न भारतको सिमला जान लागेको बताए ।



साठी वर्ष पार गरिसकेका उनले बर्खे बाली लगाउन घर आउने र लगाइसकेपछि फेरि कमाउन भारतको सिमला जाने गरेको बताए । ‘परिवार एक्लैले बर्खा खेती लगाउन सक्दैनन् भनेर म लगाउन आउँछु । खेती लगाइसकिएपछि पैसा कमाउनका लागि फेरि भारतको सिमलामै जान्छु,’ उनले भने, ‘मिले दशैं-तिहारमा घर फर्कन्छु, नमिले साथीभाइ आउँदा उहाँहरूसँगै चाडबाड मनाउने पैसा पठाइदिन्छु ।’

बुढाले विगत ३५ वर्षदेखि खेती लगाउन घर आउने र लगाइसकेपछि फेरि कमाउनका लागि भारत जाने गर्दै आएका छन् । नेपालमा जति काम गरे पनि राम्रो पारिश्रमिक नपाउने र पाए पनि ठेकेदारले पैसा नै नदिने उनले गुनासो गरे । ‘नेपालमै केही गरौँ भन्ने सोच र जाँगर भए पनि कामको उचित व्यवस्थापन छैन, न त मूल्य नै छ’, उनले भने, ‘घरपरिवार छाडेर अर्काको देशमा काम गर्न जाने रहर त मलाई

बाँकी ६ पष्ठमा

# स्वास्थ्य क्षेत्र सुधार गर्न कुनै कसरत बाँकी रहने छैन : मन्त्री सिंखडा

पोखरा । गण्डकी प्रदेश सरकार सामाजिक बिकास मन्त्रालय तथा स्वास्थ्य मन्त्रालयकाले आयोजना गरेको प्रदेश स्तरीय स्वास्थ्य कार्यालयहरुको समिक्षा कार्यक्रमलाइ सम्बोधन गर्दै सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशीला सिंखडाले बिरामीको चाप घटाउने गरेर काम गर्ने दिर्नेशन दिएकी छन् ।



जिल्ला अस्पतालबाट पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रिर्फर गर्ने र गण्डकी प्रदेश भन्दा बाहिरका अस्पतलमा रिर्फर गर्दा बिरामीलाइ समस्या हुने भन्दै सकेसम्म धेरै रोगको उपचार गण्डकी प्रदेशमा गर्न निर्देशन दिएकी हुन । आयुर्वेद औषाधालयलाई संग संगै विकास गरेर काम गर्ने योजना सुनाइन ।

गण्डकी प्रदेशका बिरामीलाई जस्तोसुकै रोगलाइ पनि गण्डकी प्रदेश भित्र नै उपचार गर्ने वातावरण बनाउने योजना मन्त्री सिंखडाले सुनाइन ।

स्वास्थ्य क्षेत्रमा सुधार गर्नको लागी कुनैपनि कसरत बाँकी नराख्ने, प्रदेशबाट नै सकेसम्म धेरै सेवा निशुल्क दिने योजना, एनजीओ संग

बाँकी ६ पष्ठमा

# १६ गते मन्त्रिपरिषद् बैठकले गरेका निर्णयहरु सञ्चारमन्त्रीद्धारा सार्वजनिक

काठमाडौ । दिगो भूव्यवस्थापन मार्फत लखनदेही नदी बेसिनका जलाधकारहरुको पुनरुत्थान र जीविकोपार्जनमा सुधार परियोजनाका लागि विश्व वातावरण सुविधा ९न्भँ० बाट प्राप्त हुने १५,५५,५०५ अमेरिकी डलर (करिब २० करोड २२ लाख रुपैयाँ) बराबरको अनुदान सहायता स्वीकार गर्ने ।

-मन्त्रिपरिषद् विधेयक समितिबाट पेश भएको विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने ।

-मन्त्रिपरिषद् विधेयक समितिबाट पेश भएको विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

निर्णयलाई नेपाल सरकारको प्रबक्ता सञ्चार तथा सूचना प्रविधि मन्त्रीद्धारा आज सार्वजानिक गरिएको छ । आज सधैं झै विहिवार सरकारका निर्णयहरु सार्वजनिक गरे जस्तै आजको निर्णय आएको छ । देशमा आर्थिक संकटले त्राहिमाम भएको अवस्थामा बैदेशिक सहयोगले नेपालीहरुमा आशाको किरण पलाउन थालेको छ ।






...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सुजना गरेमात्र भाग्य, रुप सुन्दर हुन मोहन कार्की

## सम्पादकीय - - - - -

# सुन किन्न पैशा हुनेहरूले उद्योग खोलेर रोजगार दिऔ ।

सुन किन्न पैशा हुनेहरु
नुन किन्न सापट दिन्न भन्छन
अलिनै त्यो भोक टार्दा
बालबच्चा धेरै रुन्छन् ।

नेपालमा यतिवेला जतातत्तै सुनको चर्चा छ । सदनमा । चोकका चिया पसलमा । ठुला व्यापारिक महलमा सुनको चर्चाले देश नै सुन सुन सुन सुनको कथा सुन भएको छ । झण्डै एक अरब रुपैयाको सुनका कारोवार एकपटमा गर्न सक्ने क्षमता भएको मानिस पनि नेपालमा रहेछन् । यति ठुलो धनरासि सञ्चालन गर्न सक्ने धनाढ्यले नेपालमा नै रोजगार दिन सक्ने र विदेशमा समेत निर्यात गर्न सक्ने उत्पादन मूलक क्षेत्रमा लगानी गरेर देशका मानिसहरुलाई रोजगार दिन सक्छ । यस्तो राम्रो काम गर्न छोडेर सुन तस्करी जस्तो काममा लगानी गरेर अफैले आफैलाई धिर्कारने काम किन गरेको होला !

हुनत नेपालमा लगानीमैत्री वातावरण छैन भन्दै केही व्यापारीहरुले कुरा गरेका पनि सुनिन्छ । नेपालमा त्यस्तो हो भने सरकारले लगानीमैत्री वनाउन ढिलो गर्नुहुदैन । फेरी अर्कोतर्फ नेपालमा अर्थतन्त्र गिरावट आएको भनेर सर्वत्र बजारमा व्यापारिहरु नै कुरा गरिरहेकाछन् । कसैले पत्याउओस नपत्याओस गएको महिनामा समातिएको झण्डै एक कुइन्टल सुन नेपालको कुनै ठुलै व्यापारीको हो भन्ने सम्बन्धित निकायले बुझसकेकाछन् । सरकारमा जो जो छन् । प्रतिपक्षमा जो जो छन् । ति सवैले चुनावमा चन्दा लिन भ्याएकाछन् । पछि थपिएको रास्वपाले चै भ्याएको छैन होला । अरु बाकी छैनन् । त्यसैले सुन काण्ड अहिले मात्र होइन विगतदेखि नै यस्ता घटना हल्ला हुने गरेकाछन् । तर यस्तो कारोवार रोकिएको छैन ।

यस्ता कारोवार सामान्य नागरिकले गरेको भए कुनै नागरिक समातिने बित्तिक्कै यस्ता तस्करी रोकिन्थ्यो तर यो त सरकारको नीतिमा समेत जोडिएको बिषय देखिन्छ ।

बजारमा तोकेको परिणाम सुन राष्ट्र बैकले दिदैन । र त्यो सुनको माग धान्न सुन ब्यापारीहरु यसैगरी तस्करी गरेर ल्याएका सुन किन्न बाध्य हुने गरेकाछन् । एकातिर भने अर्कोतिर सुन तस्करी गर्न लालयित गराउने लगानी गर्न नेपालका उपल्लो पदमा रहेका सम्बन्धित निकायहरु नै संलग्न हुने गरेकाछन् । यस्तो हुदैनथ्यो भने नीतिगत रुपमा सुनको काण्ड सदाका लागि समाप्त भइसकेको हुनेथियो ।

त्यसकारण सर्वसाधरण नागरिकलाई सुन आओस जाओस कुनै अर्थ राख्दैन । चहिने वेला किन्छन् । पसलमा जान्छन् । समयमा सुन पसलेले दिन्छ । पैशा लिन्छ सकियो । तर याहाँ यसरी तस्करी गरेर ल्याउदा नेपालको राजश्व गुम्ने नेपालको मुद्राको सञ्चितीमा समस्या आउने जस्ता देशको पोलिसीमा असर पर्ने सम्बन्धित निकायलाई मात्र थाहा छ । त्यही सम्बन्धित निकाय नै जिम्मेवार नभएपछि यस्ता समस्या जस्ताको तस्तै रहने गरेको छ ।

त्यसैले नेपालमा पनि अथाहा सम्पति भएका मानिसहरुलाई तिनका लागानी उत्पादनमूलक क्षेत्रमा लगाउने वातावरण सीर्जना गर्नूपर्छ । र उत्पादन मूलक क्षेत्रमा लगानी बढाएर विदेश गइरहेको हाम्रो उर्वर जनशक्तिलाई देशमा नै आकर्षण तलव भत्ता दिएर देशको उत्पादन बढाई बैदेशिक व्यापार घाटा कम गर्न सकिन्छ । यस्ता नीति सदनमा जितेर गएका व्यावस्थापिका सदस्यहरुले बनाउन ।

# म गए पछि सहकारीका ऋणीहरुले धमाधम ऋण तिरेछन्



प्रतिमान पौडेल

कहिले काही मनले अनौठो सोच्छ । राम्रो पनि र नराम्रो पनि । मन न हो । कहिले यो मन सारै आत्तिन्छ, कहिले यो मन सारै कमजोर हुन्छ । सम्हाल्दै अगाडि बढ्ने हो । सुख दुख त जीवनका साथी हुन् आइरहन्छन्, तिनीसंग आत्मियता जोड्दै अगाडि बढ्नु नै जीवन हो ।

दिनभर गरिने गतिविधि राती निद्रामा सपनाको रुपमा आउछन् भनिन्छ । अझै कति त विपनामा कल्पना गरेका कुरा सपनामा आउछन् पनि भनिन्छ । तर कहिले काही सोच्दै नसोचेको सपना पनि आइदिदो रहेछ ।

एकजना सहकारीकर्मीले आफ्नो सपनाका बारेमा बताएको कुरालाई मैले यहाँ लिपीवद्ध गर्ने प्रयत्न गरेको छु ।

म एउटा सहकारी संस्थाको अध्यक्ष छु । सहकारीले वचत तथा ऋणको कारोबार गर्दछ । करिव डेढ दशकदेखि सहकारीले कारोबार गर्दै आएको हो । अहिलेसम्म कारोबारमा खासै समस्या आएको थिएन । कोरोनाकालपछि सहकारीमा समस्या देखियो । ऋण लगेकाहरुले समयमा ऋण तिर्न सकेनन् । ऋण तिर्न नसकेपछि के गर्ने भन्ने विषयमा धेरै नै छलफल भयो, मैले नै सञ्चालक र कर्मचारीहरुलाई सम्झाइ बुझाई गरेर व्यवस्थापन गर्न थाल्यौ । यही मेरो मुख्य समस्याको विषय भएको छ ।

सबै त होइन, करिव ३० प्रतिशत ऋणी सदस्यहरुले ऋण तिर्ने कुरामा समस्या देखाउन थाले । हाम्रो अर्थात मेरो कमजोरी के भने मान्छेको समस्या हेरिदिनु पर्छ, सहकारी हो, सहकारीले सदस्यको मर्म बुझिदिनु पर्छ । सदस्य आएर समस्या देखायो भने सहकारीले त्यसलाई साथ दिनु पर्छ, सदस्यको हित नै सहकारी हो भन्ने ठानियो । सदस्यको मर्म त सहकारीले बुझिदियो तर सहकारीको मर्म सदस्यले नबुझेका कारण समस्या देखिएको छ । सदस्य नामका केही किराहरु यस्ता परे कि ? कसरी हुन्छ ऋण त तिर्दै नतिर्ने ।

वित्तीय क्षेत्रमा परेको असर भन्दा पहिला खासै समस्या थिएन, ऋण उठ्ने, वचत आउने सबै कुरा राम्रै थियो तर यतिबेला वचत उठेको छैन, ऋण उठेको छैन, वचत फिर्ता भने रोकिएको छैन । संस्थामा तनाव नै छ । अझ विशेष गरी मैले अलि धेरै चासो, चिन्ता र समन्वय गरेका कारण मलाई धेरै नै चिन्ता छ ।

सहकारीको चिन्ताले होला घरमा पनि सारै तनाव नै छ । राती निद्रामा पनि सहकारीकै कुरा आउछ । मैले सबैलाई सम्झाइ बुझाइ गरेर ऋण लगानी गर्न लगाएका धेरैले ऋण नतिरेकाले मलाई समस्या सिर्जना भएको हो । त्यही तनावले होला प्राय रातीमा सहकारीको ऋणकै बारेमा सपना देख्छु । मैले एकरात यस्तो सपना देखेछु ।

'पटक पटक ऋण भुक्तान गर्न ताकेता गर्दा पनि ऋण भुक्तान नगरेका शेयर सदस्यहरुको घर घरमै कर्मचारी सहित पुग्यौ, तर कसैले पनि पैसा तिर्ने कुरा गरेनन्, सबैले अवस्था छैन, सक्दिन, आदी भन्दै हामीलाई उल्टो थर्काए, कतिले त तिम्रो अफिसमै आएर आत्महत्या गरिदिउला समेत भने, यस्तो सबै कुरा सुनेर घरमा आएपछि म झन तनावग्रस्त भए, घर परिवारलाई यो विषयमा कुरा गर्न खोजेको सबैले नचाहिने काममा हात हालेर अहिले परिवारलाई तनाव दिने भनेर उल्टो गाली गर्न थाले । परिवार, छिमेक, संस्था सबैतिर मलाई सबैले इल्ल पार्न थाले । साच्चिकै मलाई मेरो गल्तीको एहसास भयो, यस्तो गल्ती किन गरेको हुम्ला भन्ने लाग्यो । हुन त संस्थामा रहेको रकम सबै ऋण लगानीमै छ, यद्यपी मेरो प्रेसरले दिएका ऋण जसले तिर्न अटेर गरिरहेका छन् । त्यो कारणले मलाई धेरै नै तनाव थपियो ।'

सहकारीमा गयो, कर्मचारी र सञ्चालकले तपाईका कारण समस्या सिर्जना भयो भन्छन्, घरमा आयो परिवारको कचकच, छरछिमेकमा गयो, तिमले गल्ती गरेउ नि ? यस्तो पनि गर्न हुन्छ भन्छन् साच्चिकै मैले अपराध गरेको जस्तै मलाई लाग्न थाल्यो । अपराध त गरेको होइन नि सदस्यहरुलाई तमसुक बनाएर ऋण लगानी गरेको हो, ऋण नउठेको मात्र हो । तर पनि आज म अपराधी जस्तो भएको छु । मेरो कमजोरी भनेको अरुको दुख देख्न नसक्ने हो, आएर समस्या सुनाउछ र रुन्छ, मान्छे राम्रै छ, पैसा कमाउन सक्ने, तिर्न सक्ने नै छ, त्यस्तालाई ऋण लगानी गर्दा के समस्या होला र ? मेरो मनले त्यही भन्यो, मैले सबैलाई सहज वातावरणमा ऋण लगानी गर्नु पर्छ भने । पहिला पहिला पनि यस्तो भएकै हो, उति बेला ऋण उठ्यो, ऋणको समस्या भएन, यतिबेला ऋण उठेन, मलाई तनाव भैरहेको छ ।

मनमा तनाव भएपछि के के सोचिन्छ, सोचिन्छ । एकदिन एकजनाले सारै थर्कायो, तिम्रो ऋण तिर्दिन भनेको छैन, अति गरेउ भने आत्महत्या गरिदिन्छु । उसले त्यसो भनेपछि म नबोली घर फर्के । अनि मन मनै सोचे त्यसले धम्क्याउन हुन्छ भने मैले किन नधम्क्याउने भन्ने लागेर भोली पल्ट बिहानै उसको घरमा गएर पैसा तिरिनस भने म तेरो घरमै आएर आत्महत्या गर्छु भन्ने सोचेर सुते ।

त्यो रात मैले सपना पनि त्यस्तै खालको देखे । सपनी मै मैले नियमनकारी निकायलाई पत्र लेखे, प्रहरी, पालिका र वडा कार्यालयलाई पत्र लेखे, संस्थाको सञ्चालक समिति र कर्मचारीलाई पत्र लेखे, घर परिवारका नाममा पनि एउटा पत्र लेखे ।

मैले सहकारीबाट कुनै किसिमको रकम हिनामिना गरेको छैन, सहकारीको विकासकै लागि भनेर ऋण लगानी गर्ने कुरामा अलि बढी व्यवहारिक बनेको हो र मैले विश्वास दिलाएका कारण संस्थाबाट धेरै ऋण लगेका छन् । ति ऋणी मध्ये ३० प्रतिशतले ऋण नतिरेका कारण आज मलाई तनाव थपिएको हो । हुन त यो सबैको समस्या हो, तर पनि नैतिक रुपमा यसको जिम्मेवारी मैले लिनु पर्छ भन्ने ठानेर सबैलाई यथार्थ अवस्था बारे जानकारी हुने गरी पत्रमा सबै कुरा खुलाए ।

मन मनै सोचे, अब म यो दुनियामा बाच्दिन, म सबैको नजरमा गिरेको मान्छे भए, यस्तो मान्छे कसरी बाँच्ने यही सोचेर आत्महत्या गर्ने निधो गरे ।

आत्महत्या गर्ने निधो पछि मैले सोचे, म मरेपछि त सहकारीका ऋणीले ऋण तिर्लान्, ऋण तिरे भने सहकारी राम्रोसंग चल्ला, मेरा कारणले तनाव भोगेका सञ्चालक र कर्मचारीलाई सहज होला । यस्तै सोच्दै गर्दा मैले एउटा नोट लेखेर पटक पटक ताकेता गर्दा पनि ऋण नतिर्ने सदस्यका कारण मैले आत्महत्या गरे भन्ने सूचना छोडेर आत्महत्या गरे । मैले आत्महत्या गरेपछि त सहकारीमा पैसा तिर्नेको लाइन नै लागेको रे ? फोन करायो, झसंग बिउझे, अचम्म लाग्यो, साझमा मनले कल्पना गरेको कुरा सपनामा आयो । मन मनै सोचे जिन्दगीमा नचाहिने कुरा मनमा लिनै नहुने रहेछ । सपनाले त छोडेन भने अरु केले छोड्ला र ?

सहकारीको पैसा नतिर्नेहरुका कारण जति नै तनाव भए पनि सहज रुपमा आफुलाई सम्हालेर अगाडि बढ्ने निधो गरे ।

अध्यक्षज्यूले चिया गफको समयमा सुनाउनु भएको कुरालाई लिपिवद्ध गर्ने सोच बनाए । यो विषय लेख नै लेख्नु पर्ने त होइन, तर कहिले काही मान्छेले यस्तै यस्तै सोचेर जिन्दगीलाई सिध्याएका घटनाहरु पनि छन् । त्यसैले जे जस्तो समस्या आए पनि सम्हालिएर, धैर्य भएर समस्याको समाधानका लागि लाग्नु नै जीवन हो, भन्ने सन्देश प्रवाहका लागि पनि लेख्ने जमर्को गरेको छु । गल्ती भए माफी पाउ ।

**गाउँमा निर्माण गरिएका पूर्वाधारहरुको गुणस्तरीय अभिवृद्धि गर्नुका साथै शिक्षा, स्वास्थ्य र रोजगारीलाई प्राथमिकतामा राखी स्थानीय तहले काम गर्नुपर्ने देखिन्छ । ग्रामीण उत्प्रेरणाको तहलाई मतबुत बनाउनुको साथै उद्यमशीलता प्रवर्द्धन गर्नु आजको आवश्यकता हो । राष्ट्रपिता रामचन्द्र पौडेलको शब्दमा– के राम्रा स्कुल, राम्रा अस्पताल, उद्योग–व्यवसाय सबै यही शहरमा कोच्नु जरुरी छ त ? अहिलेका शहरभन्दा बाहिर बस्नलाई ठाउँ छैन र ? विश्वका सबै खाले आर्थिक सिद्धान्त र अर्थव्यवस्था बुझेका भनिने, प्राज्ञिक अनुसन्धानमै बढी लागेका र त्यसैमा अधिक विश्वास राख्ने हाम्रा योजनाविद्हरूको औचित्य के हो त ? उनीहरूले नेपाललाई विशुद्ध नेपाली भएर नेपालको विकासको उपयुक्त मोडलबारे दिमाग खेलाउन पर्दैन ? त्यसकारण अब गाउँमा नै सबै सेवा–सुविधा उपलब्ध गराई गाउँलाई शहर बनाउनुपर्छ । यस अर्थमा गाउँमुखी अर्थनीतिको खाँचो छ ।**

*(लेखक सापकोटा बर्दघाट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ ।)*

# अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्नसक्ने चलचित्र बनाउनुपर्छः मन्त्री शर्मा

काठमाडौं । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्नसक्ने चलचित्र बनाउनुपर्नेमा जोड दिनुभएको छ ।




पहिलो नेपाली चलचित्र आमाका अभिनेत्रीहरु भुवन चन्द, चैत्यदेवी सिंह र बसुन्धरा भुसालले स्थापना गरेको भुवन चैत्य बसुन्धारा फाउण्डेशनले आयोजना गरेको पुरस्कार अर्पण समारोहलाई सम्बोधन गर्दै उहाँले नेपाली चलचित्रहरु बिदेशी चलचित्रहरुसित प्रतिष्पर्धा गर्नसक्ने बनाउने आवश्यक रहेको बताउनुभयो ।

यसका लागि सरकारको नीतिगत सहयोग हुने र चलचित्र निर्माताहरुले पनि गुणस्तरमा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । हरेक क्षेत्रमा अन्तर ाष्ट्रिय अनुभव प्राप्त गर्न त्यही जानुपर्ने अवस्थाको अन्त्य भएको आजको डिजिटल युगमा विभिन्न देशका अभ्यासहरुबाट सिकेर गुणस्तरीय चलचित्र बनाउनतिर ध्यान दिन मन्त्री शर्माले सम्बद्ध पक्षलाई आग्रह गर्नुभयो ।

चलचित्र क्षेत्रको विकास र यसमा जीवन अर्पण गर्ने सर्जक र स्रष्टाहरुको सम्मानमा सरकार प्रतिबद्ध रहेको मन्त्री शर्माले बताउनुभयो । हिजो श्वेत पर्दाबाट सुरु भएको नेपाली चलचित्र क्षेत्र आज डिजिटल युगमा प्रवेश गरे पनि नियम कानुन पुरानै रहेकाले त्यसमा आवश्यक परिमार्जनको काम थालिएको पनि उहाँले जानकारी दिनुभयो । चलचित्र बोर्डले तयार पारेको ऐन परिमार्जनको मस्यौदा मन्त्रालयमा छलफल गरेर चाँडै मन्त्रिपरिषद्मा लैजाने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

उहाँले समाजका हरेक क्षेत्रमा योगदानहरुको उचित सम्मान हुनुपर्ने बताउनुभयो । 'सबै मानिस सबै क्षेत्रमा लाग्न सक्दैनन् तर जो जुन क्षेत्रमा लागेको छ, उसले निष्ठापूर्वक काम गरेको छ कि छैन भनेर समाजले मूल्यांकन गर्नुपर्छ'- मन्त्री शर्माले भन्नुभयो- 'हरेक क्षेत्रमा लागेर समाजका लागि योगदान गर्ने र व्यक्तिगत स्वार्थका लागि काम गर्नेहरुको बिचमा समाजले नै भिन्नता छुट्याउनुपर्छ, त्यही नै ठूलो सम्मान हो ।'

राजनीतिक, कर्मचारी वा अन्य कुनै पनि क्षेत्रमा केही मानिसले गर्ने कमजोरीलाई मूलधार बनाउने र राम्रो काम गर्नेहरुको चर्चा नहुने परिपाटी समाजका कायम रहेको उल्लेख गर्दै उहाँले यसलाई सच्याएर हरेक क्षेत्रमा राम्रो काम गर्नेहरुलाई सतहमा र नराम्रो काम गर्नेहरुलाई किनारामा राख्ने परिपाटीको विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली चलचित्र क्षेत्रमा महिलाको प्रवेश सुरु गराउने भुवन चन्द, चैत्यदेवी सिंह र बसुन्धरा भुसालको भूमिका प्रशंसा गर्दै उहाँले भन्नुभयो- ' आज पनि छोरीलाई हरेक काममा छोर ासरह जिम्मेवारी दिन आनाकानी गर्ने नेपाली समाजमा त्यतिबेला छोरीहरु चलचित्र क्षेत्रमा प्रवेश गर्दा कति कठिनाई झेल्नुपर्यो होला, आजको पुस्ताले कल्पना मात्र गर्न सक्छ ।

उहाँहरुले थालेको अभियान समाज रुपान्तरणमा ठूलो बिद्रोह थियो, यसको नेपाली समाजले युगयुगसम्म मूल्यांकन गरिरहने छ ।'

सो क्रममा मन्त्री शर्माले भुवन चैत्य बसुन्धरा फाउण्डेशन पुरस्कार २०७९ र २०८० बाट विभिन्न सर्जक तथा स्रष्टाहरुलाई सम्मान गर्नुभएको थियो ।

हरिश भुवन चन्द पुरस्कारबाट बरिष्ठ गीतकार यावद खरेल र नीर शाह, चैत्यदेवी सिंह पुरस्कारबाट बरिष्ठ संगीतकर्मी गणेश रसिक र बरिष्ठ अभिनेता शिव श्रेष्ठ, चेतनारायण बसुन्धरा भुसाल पुरस्कारबाट बरिष्ठ अभिनेत्री मिथिला शर्मा र शर्मिला मल्ललाई सम्मान गरिएको थियो ।

# भरतपुर आँखा अस्पतालमा बिरामीको भीड

चितवन । आँखा पाक्ने सङ्क्रमण फैलिएपछि यहाँको भरतपुर आँखा अस्पताल र यस अन्तर्गतका सेकेण्डरी अस्पताल एवं आँखा उपचार केन्द्रमा बिरामीको सङ्ख्या झण्डै दोब्बर बढेको छ । बिरामी बढेसँगै जनशक्ति व्यवस्थापन र औषधिको आपूर्तिमा कठिनाइ हुने देखिएको छ ।



चितवन र आसपासका जिल्लामा आँखा उपचार सेवा दिँदै आएको यस अस्पतालअन्तर्गतका अस्पताल र केन्द्रमा आइतबार दुई हजार तीन सय ५७ जनाले सेवा लिएका थिए । अस्पतालका वरिष्ठ प्रशासक दयाशङ्कर चौधरीका अनुसार अन्य समयमा एक हजार दुई सयको हाराहारीमा बिरामी उपचारका लागि आउने गर्दथे ।

अस्पताल आएकामध्ये ६० प्रतिशतभन्दा बढी आँखा पाक्ने रोगका बिरामी रहेका छन् । आइतबार भरतपुरमा रहेको मुख्य अस्पतालमा नौ सय ७३, सेकेण्डरी आँखा अस्पताल ठोरीमा ६६, कावासोतीमा एक सय ९३ र सिम्रनगढमा एक सय दुई जनाले उपचार लिएका छन् ।

अस्पतालमा आवद्ध १४ आँखा उपचार केन्द्र छन् । तीमध्ये चिकुमार-विष्णुकुमारी बहिरङ्ग सेवा भरतपुर उकालोमा दुई सय ३८, पर्सामा एक सय ६३, रत्ननगरमा एक सय २८, माडीमा ९६, चनौलीमा ६५, राप्तीमा ६१ र कुरिनटारमा २५ जनाले सेवा लिएका छन् ।

यसैगरी धादिङको बेनिघाटमा १६, सल्यानटारमा १३, नवलपरासीको मध्यविन्दुमा ४४, हुप्सेकोटमाम ४०, सिन्धुलीको दुधौलीमा १७, तनहुँको आँबु खैरहनीमा ६३ र सर्लाहीमा ५५ जनाले सेवा लिएका वरिष्ठ प्रशासक चौधरीले जानकारी दिए ।

बिरामी बढेसँगै औषधिसमेत अभाव हुन थालेको छ । उनले औषधि खरिद गर्ने ठाउँबाट माग अनुसारको औषधि आपूर्ति हुन नसकेको बताए । अस्पतालले आफ्नो स्रोतसाधन र जनशक्तिलाई अधिकतम उपयोग गरेर सेवा दिँदै आएको उनले जानकारी दिए । हालसम्म चिकित्सक र स्वास्थ्यकर्मीमा रोग फैलिन ठूलो समस्या नदेखिएको उनको भनाइ छ ।

अस्पतालका आँखा रोग विशेषज्ञ डा कुमुदिनी सुवेदीले रोग लाग्नुभन्दा बच्नु नै उत्तम भएको भन्दै सरसफाइ र सामाजिक दूरीमा ध्यान दिन आग्रह गरेकी छन् । उनले समय समयमा हात धुन, हातले आँखा नछुन, सङ्क्रमित बिरामीबाट टाढै रहन सुझाव दिइन् । उनले चिकित्सकको परामर्शपछि मात्रै औषधिको प्रयोग गर्नुपर्ने बताइन् । आफूखुसी औषधि किनेर प्रयोग नगर्न उनको सुझाव छ ।

नेपाल नेत्रज्योति सङ्घ चितवनका सभापति जयराम श्रेष्ठले मुख्य अस्पताल, तीन वटा सेकेण्डरी आँखा अस्पताल र १४ आँखा उपचार केन्द्रमा बिरामीलाई सकेसम्म सहजरुपमा उपचारको व्यवस्था मिलाइएको बताए । सबै बिरामीलाई एकै पटकभन्दा फरकफरक समयमा आएमा उपचार सहज हुने उनको भनाइ छ । अस्पताल आसपासका बिरामी दिउँसो २ बजेपछिको समयमा अस्पताल आउँदा भीड कम हुने उनको भनाइ छ । सबैलाई सजगता अपनाउन उनले अपिल गरे ।

सङ्घ सचिव केशव अधिकारीले औषधि आपूर्ति गर्न सम्झौता गरेका कम्पनीलाई आवश्यकताअनुसार औषधि उपलब्ध गराउन नसके सम्झौता खारेज गरिने जानकारी दिँदै आपूर्तिका लागि लाग्न आग्रह गरिएको बताए । चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीलाई अत्यावश्यकबाहेक बिदा दिन रोकिएको उनको भनाइ छ ।

# फलफूलको नमूना परीक्षण गर्दा सबैभन्दा बढी विषादी केरामा

काठमाडौं । चितवनमा केरामा सबैभन्दा बढी विषादी भेटिएको छ । कृषि ज्ञान केन्द्र चितवनले परीक्षण गर्दा सबैभन्दा बढी विषादी केरामा भेटिएको हो ।

कृषि ज्ञान केन्द्रका प्राविधिक सहायक सुरेश सिम्खडाका अनुसार आर्थिक वर्ष २०७९-८० मा सात सय १८ तरकारी र फलफूलको नमूना परीक्षण गर्दा केरामा बढी विषादी केरामा भेटिएको छ । केरापछि फर्सी र भन्टामा बढी विषादी हालेको पाइएको छ चालु आवको साउनमा गरिएका परीक्षणमा पनि सबैभन्दा बढी विषादी केरामा नै भेटिएको उनले बताए । केरामा पकाउनका लागि प्रयोग हुने इथालिन र क्याल्सियम कार्बोनेट बढी प्रयोग गरेको पाइएको छ ।

प्राविधिक सहायक सिम्खडाका अनुसार फोटो मिटरबाट गरिएको परीक्षणमा केमिकल राखेर रोकावट आउने प्रतिशत हेरेर विषादी प्रयोग गरिएको ४५ प्रतिशतभन्दा बढी इन्जाइममा रोकावट आएमा त्यो केरा नष्ट गरिन्छ । पैतीस प्रतिशतभन्दा बढी रोकावट आएमा त्यस्तो केरालाई क्वारेन्टिनमा राखेर केही दिनपछि मात्र प्रयोग गर्न लगाइन्छ । चितवनमा प्रायः गरेर केरालाई क्वारेन्टिनमा पठाउनुपर्ने अवस्था आएको प्राविधिक सहायक सिम्खडाले बताए । पैतीस प्रतिशतभन्दा कम रोकावट आएमात्र केरा खानयोग्य हुन्छ ।

अत्यधिक पोषणले भरिपूर्ण केरा बाह्रैमास पाइने फल हो । तर कहिलेकाहीँ केरा स्वास्थ्यका लागि हानिकारक पनि सावित हुनसक्छ । यसमा बढी मात्रामा रसायन र विषादीको प्रयोग भएमा केरा स्वास्थ्यका लागि हानिकारक हुनसक्ने चिकित्सक बताउँछन् । भरतपुर अस्पतालका डा. गोविन्द कँडेलले धेरै परिमाणमा इथालिन र क्याल्सियम कार्बोनेट जस्ता औषधि प्रयोग गरेर पकाइएको केरा खाँदा स्वास्थ्यमा गम्भीर असर पर्ने बताए । यस्तो केरा खाएमा पेट दुख्ने, अल्सर हुने, न्यूरो प्रणालीमा असर गरेर टाउको धेरै दुख्ने जस्ता गम्भीर असर देखिन सक्ने उनले बताए । गर्भवतीलाई यस्तो केरा खुवाएमा पेटमा रहेको बच्चालाई समेत असर गर्न सक्छ ।

कृषि विज्ञका अनुसार केरामा रसायन हालेर पकाइएको छ कि छैन भनेर चिन्न केही कुरामा ध्यान दिनुपर्छ । कर्बोहाइड्रेड तथा अन्य रसायन प्रयोग गरिएको छ भने गन्ध फरक हुन्छ । आकार हेरेर पनि केरामा रसायन मिसाएको छ कि छैन पत्ता लगाउन सकिन्छ । केरालाई विषादीरहितभन्दा पनि विषादीको प्रभाव कम गर्न केरा किनेर ल्याएको एक-दुई दिनपछि मात्र प्रयोग गर्नु उपयोगी हुने चिकित्सक बताउँछन् । खानुअघि एक घण्टा पानीमा डुबाएर राखियो भने पनि त्यसमा भएको रसायनको मात्रा कम भएर जान्छ ।

# रामेछाप डायरी

## रामेछापको हिलेपानीमा आगोलागी हुँदा एक घर जलेर नष्ट

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नं ७ सुकाजोर हिलेपानीमा शुक्रबार राती आगोलागी हुँदा एक घर जलेर नष्ट भएको छ । हिलेपानीका राम कुमार कार्कीको घरमा एक्कासी आगोलागी भएको स्थानिय ढाल विक्रम कार्कीले जानकारी दिनुभयो ।



उहाँका अनुसार आगोलागीबाट गाईको माउबाच्छा,२ वटा खसी,कुखुरा र सबै अन्नपात तथा लत्ता कपडा जलेर नष्ट भएको छ । आगो के कारणले लागेको हो भन्ने कुरा नखुलेको रामेछाप नगरपालिकाका प्रबक्ता समेत रहेका वडा नं ७ का वडाअध्यक्ष समिर कार्कीले बताउनुभयो ।

रामेछाप नगरपालिका र नेपाल रेडक्रस सोसाइटी उपशाखा रामेछापले पीडित परिवारको घरमै पुगेर खाध्यान्न,लत्ताकपडा,भाँडाकुँडा सहितको आवश्यक सामाग्री उपलध गराइएको वडाअध्यक्ष कार्कीले बताउनुभयो ।

## तामाकोशी नदीमा फेला परेको बेवारिसे शवको पहिचान खुल्यो

रामेछापको सदरमुकाम मन्थली नजिकै तामाकोशी नदीमा फेला परेको बेवारिसे शवको पुष्टि भएको छ । उक्त शव दोलखाका एक पुरुषको रहेको पुष्टि भएको हो । उक्त शव दोलखाको कालिञ्चोक गाउँपालिका २ बाबरे



का ६२ वर्षीय भिमबहादुर थामीको रहेको जिल्ला प्रहरी कार्यालय रामेछापले जानकारी दिएको छ ।

मृतक थामी साउन १५ गतेदेखि हराएका थिए । हराइरहेका थामीको शव शनिबार मन्थली नगरपालिका १ हाटेचौर स्थित तामाकोशी नदिको किनारामा घोप्टो परेको अवस्थामा फेला परेको थियो । शव पोष्टमार्टमका लागि मन्थली अस्पतालमा राखिएको छ ।

## अधिवक्ता भगवती पाण्डे विरुद्ध रामेछापमा पनि विरोध प्रदर्शन

अधिवक्ता भगवती पाण्डेले सिङ्गो तामाङ, मगर लगाएत जनजाती समुदायको प्रथाजनित अभ्यासप्रति गलत ढंगले अभिव्यक्ति दिएको भन्दै नेपाल मगर संघ र तामाङ्ग घेदुङले सयुंक्त रुपमा रामेछापमा सोमबार (आज) विरोध प्रर्दशन गरेको हो ।

मगर संघ र घेदुङ रामेछापले अधिवक्ता पाण्डेले दिएको अभिव्यक्ति विरुद्ध संयुक्त रुपमा विरोध प्रर्दशन गर्दै रामेछापका प्रमुख जिल्ला अधिकारी अनिता निरौला मार्फत गृहमन्त्रीलाई ज्ञापन पत्र समेत बुझाएको हो । अधिवक्ता भगवती पाण्डे (शितल)ले साउन ७ गते एक टेलिभिजनमा दिएको विवादास्पद अभिव्यक्ति विरुद्ध बिरोध प्रदर्शन गरिएको हो ।

तामाङ र मगर समुदायलाई अपराधीकरण गर्नेगरी अभिव्यक्ति दिने अधिवक्ता पाण्डे र शान्तिपुर्ण आन्दोलनमा अनावश्यक बल प्रयोग गरी नियन्त्रणमा लिएर चरम यातना दिने प्रहरीलाई कारबाहीको माग गर्दैं रामेछापका आदिवासी जनजातीहरुले जिल्ला प्रशासन कार्यालय घेराउ, धर्ना तथा ज्ञापनपत्र बुझाएका हुन ।



# हिमालय एअरलाइन्सद्वारा लव प्रसाद बाल गृहलाई आर्थिक सहयोग

काठमाडौं । हिमालय एअरलाइन्स्ले आफ्नो संस्थागत उत्तरदायित्व अन्तर्गत 'शिक्षातर्फ पाइला'अभियानलाई अगाडि बढाउँदै लव प्रसाद बालगृहलाई आर्थिक सहयोग गरेको छ ।



अनाथ तथा विपत्र बालबालिकाको लागि लव प्रसाद सुधार संघद्वारा संचालित गैरसरकारी तथा गैर राजनीतिक सामाजिक संस्था लव प्रसाद बाल गृहको भान्सा र भोजन कक्ष मर्मत सम्भारका लागि उक्त सहयोग गरेको हो ।

अगस्ट ३ मा बाल गृहको परिसरमा आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा एअरलाइन्स्का अध्यक्ष झो इन्योङ्गले बाल गृहका अध्यक्ष उषा कार्कीलाई रु ३,९६,००० बराबरको चेक हस्तान्तरण गर्नुभयो । यस बाहेक बाल गृहमा बालबालिकाका लागि भान्सामा प्रयोग हुने सामग्री सेट र स्केच बुकका साथै क्रिकेटको सेट, क्यारमबोर्ड, ब्याडमिन्टन सेट, बास्केट बल, लुडो, स्किपिङ रोप, हुलाहूप जस्ता विभित्र खेलकुदका सामाग्रीहरू पनि सहयोग गर्नु भएको

छ । सुन्दरीजलमा अवस्थित यस संस्थाले हाल १३ जना बालबालिकालाई आश्रय, शिक्षा, हेरचाह र पालन पोषणको व्यवस्था गर्दै आएको छ ।

उक्त सहयोग रकम बालबालिकाको लागि घरेलु वातावरण कायम राख्नुका साथै थप स्वस्थ, अनुकुल र व्यवस्थित बनाउन बाल गृह भवनको भान्सा र भोजन कक्षको मर्मत सम्भार गर्न प्रयोग गरिने भएको छ । " 'नेपालमै आधार र नेपालमै सेवा' हिमालय एअरलाइन्स्ले लामो समयदेखि गरेको प्रतिबद्धता हो ।

एअरलाइन्स्ले स्थापना कालदेखि नै समाजको लागि सक्दो योगदान गर्दै आएको छ । यसपटक लव प्रसाद बाल गृहलाई गरिएको सहयोगले यहाँको बालबालिका लागि राम्रो जीवन र बसाईको व्यवस्था गर्न चाहन्छौं र उनीहरू भविष्यमा राष्ट्रको कर्णधार बनोस् भत्रे आशा राख्दछौं ,"एअरलाइन्स्का अध्यक्ष इन्योङ्गले भन्नुभयो ।

बालगृहका अध्यक्ष उषा कार्कीले कृतज्ञता व्यक्त गर्दै खेलकुदमा बालबालिकाको रुचि बढाउन खेलकुदका सामाग्रीहरु सहयोग गरेको एअरलाइन्स्को यस कदमको स्वागत गर्नुभयो । "हाम्रो संस्थालाई गर्नुभएको हेरविचार र योगदानको लागि हामी हिमालय एअरलाइन्स् प्रति अत्यन्तै आभारी छौं । उहाँहरूको उदार सहयोगलाई हाम्रो रेखदेखमा रहेको बालबालिकाको जीवनमा उल्लेखनीय सुधार ल्याउँनेछ ।

हिमालय एअरलाइन्स्ले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वलाई सधैं प्राथमिकतामा राखेको छ र विगत सात वर्षदेखि एअरलाइन्स्ले अनाथ तथा विपत्र बालबालिकाको लागि सञ्चालन गरिएको 'प्रयास नेपाल'का बालबालिकालाई विभित्र शैक्षिक तथा अत्यावश्यक सामग्री उपलब्ध गराउँदै आएको छ ।

# नेपालमा एलिका ब्राण्डको पहिलो शोरुम उद्घटन

काठमाडौ । चौधरी ग्रुप अन्तर्गत एलिका ब्रान्डको पहिलो एक्सक्लुसिभ ब्रान्ड सप काठमाडौँको टेकुमा खोलिएको छ । एलिका पिबी व्हर्पुल किचेन अप्लाएन्सेस प्रा.लि. का प्रमुख कार्यकारी अधिकृत र प्रबन्ध निर्देशक प्रल्हाद भुताड र सि. जी. इलेक्ट्रोनिक्सका उपाध्यक्ष एस. सि. साबुको उपस्थितिमा




श्रावन १७ गते यो शोरुमको भव्य उद्घाटन भएको छ । एलिका ब्रान्डसपमा एलिका ब्रान्डको चिम्नी, बिल्ट-इनओभन, माइक्रोवेभ ओभन, डिसवासर, कुकिङ्ग रेन्ज, हब्स र कुक टप्स लगायत अन्य विभिन्न घरायसी विधुतीय सामाग्रीहरु रहेका छन् । यस एलिका ब्रान्डसप टेकुको मुख्य व्यापारिक केन्द्रमा पर्दछ जहाँ नि:शुल्क पार्किङ्गको पनि व्यवस्था रहेको छ ।

काठमाडौँको स्थानीय बजारमा आफ्ना सामानहरुको प्रदर्शन,बिक्री वितरण तथा अन्तराष्ट्रिय स्तरको ग्राहक सेवा, उपयोग तथा विस्तृत जानकारी प्रदान गराउने उद्देश्य सहित यो शोरुम संचालन गरिएको छ । दक्ष तथा अनुभवी बिक्री प्रतिनिधिहरुबाट यहाँ भएका विद्युतीय सामग्रीहरुको पूर्ण जानकारी पनि लिन सकिने छ ।

यो शोरुम हप्ताको सातै दिन बिहान १०:०० बजे देखि बेलुका ०७:३० बजेसम्म खुल्ला रहने छ । ग्राहक वर्गका लागि अन्य जानकारी चाहिएमा निम्नफोन नम्बर ०१-५९१४१७९, ५९१४३७९ हरुमा सम्पर्क गर्न सकिने कुराको जानकारी उदघाटन गर्ने क्रममा गराएको थियो ।

# चन्द्रागिरी हिल्स लिमिटेडको १४औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं । यही वर्ष २०८० श्रावण १४ गतेका दिनमा कम्पनीको व्यवस्थापक समुहले आयोजना गरेको कम्पनीको १४ औ वार्षिक उत्सव समारोहमा कम्पनीका अध्यक्ष हेमराज ढकालको अध्यक्षता एवं संचालक समितिका सदस्यहरुको मुख्य आतिथ्यतामा एक दिने कार्यक्रम संचालन गरिएको थियो ।

उक्त वार्षिक उत्सव समारोहमा कम्पनीको तर्फबाट आयोजना गरिएका विभिन्न ६ वटा विधाहरू मध्येबाट उत्कृष्ट हुने विजेता तथा उप विजेताहरूलाई कम्पनीका अध्यक्षको हातबाट प्रमाणपत्र तथा ट्रफी वितरण गरि हौसला प्रदान गरिएको थियो ।

त्यसैगरि सोही अवसरमा कम्पनीमा ५ वर्ष सेवा अवधि पुगेका, यस वर्षको अवधि भरीमा सबै भन्दा राम्रो उत्कृष्ट कार्य गरि उदाहरणीय बन्न सफल भएका ४ जान कर्मचारीहरुलाई अध्यक्षको तर्फबाट प्रमाणपत्र, चाँदीको लकेट ,एक रातको लागि परिवार सहित निशुल्क रिसोर्ट बस्ने भौचर कुपन समेत प्रदान गरि कर्मचारीहरुलाई थप हौसला प्रदान गरिएको थियो ।

यस कम्पनीमा कार्यरत एक्जुकेटिभ तहका दुई जना कर्मचारीहरुलाई तोकिएको आफ्नो जिम्मेवारी अनुसारको काम गर्न सफल भएका दुई जना




कर्मचारीहरुलाई समेत प्रमाणपत्र तथा घरमा प्रयोग हुने खालको उपहार दिई अध्यक्षबाट सम्मान गरिएको थियो ।

अध्यक्षको अध्यक्षता एवं कम्पनी सचिव झलकराज शर्माबाट कार्यक्रमको संचालन गरिएको यस कार्यक्रममा कम्पनीका महाप्रवन्धकबाट स्वागत मन्तव्य दिनुका साथै संचालक समितिका सदस्यहरुको तर्फबाट शुभकामना मन्तव्य दिने काम गरिएको थियो ।

कम्पनीका अध्यक्षबाट उपस्थित सम्पूर्ण कर्मचारीहरुलाई शुभकामना दिदै यस पर्यटकीय गन्तव्य स्थलको रुपमा रहेको यस चन्द्रागिरिमा घुम्न आउने आन्तरिक तथा वाह्रय पर्यटकहरुलाई पहिलो रोजाई स्थल हुने गरि सेवा प्रदान गर्नुहुन अनुरोध गर्दे कम्पनीमा कार्यरत कर्मचारीहरुले कम्पनीबाट दिइएको जिम्मेवारी पूर्ण रुपमा पालना हुने नै छ भन्ने विश्वासका साथ कम्पनीको उत्तरोत्तर प्रगतिको शुभकामना दिनु भएको थियो ।

कार्यक्रमको अन्त्यमा विभिन्न किसिमको सास्कृतिक कार्यक्रम संचालन गरि मनोरञ्जन प्रदान गरिएको थियो ।

# कुमारी बैंकबीच सम्झौता

काठमाडौं । ग्रन्थ इलेक्ट्रिक भेहिकल प्रा.लि (एफ डि मोर्टर्स) र कुमारी बैंक लिबीच मिति २०८०.०४.१६ गते का दिन एफ डि मोर्टर्स ब्राण्डका इलेक्ट्रिक स्कुटरहरु किन्न चाहने ग्राहकहरुलाई सरल र सहज रुपमा क्रेडिट कार्ड मार्फत शुन्य प्रतिशत व्याज दरमा रु. ३,००,००० (अक्षेरुपी रु. तिनलाख) सम्म डाउन पेमेन्ट बिनानै कर्जा उपल्ब्ध गराउने गरी सम्झौता भएको छ ।

जस अर्न्तगत कुनै पनी ग्राहकहरुले कुमारी बैंक .वा एफ डि मोर्टर्सका



सोरुमहरुमा गई आवश्यक पर्ने कागजात दिएर १२ महिना देखी १८ महिना सम्मको किस्ता तिरेर इलेक्ट्रिक स्कुटरहरु खरीद गर्न सक्नेछन् । यदी कुनै पनी ग्राहकले कर्जा को भुक्तानी अग्रीम रुपमा गर्न चाहेमा बिना शुल्क भुक्तानी गर्न सक्ने छन् ।

एफ डि मोर्टर्सले हाल दुई ओटा मोडेल को इलेक्ट्रिक स्कुटर बिक्री गर्दै आएको छ । जसमा एफ फाइब को मुल्य रु. २,६१,९९९ र एफ फाइब ए को मुल्य रु. २,९७,९९९ रहेको छ । एफ डि मोर्टर्स नेपालको स्कुटरमा प्रयोग भएको ५ बिषेश बिषेशताका कारण र सो बिषेशताका बाबजुत पनी यसको मुल्य उत्कृष्ट भएर बजारमा सफल भइ रहेको छ ।

# आइएमई पे र बुद्ध एयरबीच सम्झौता

काठमाडौ । बुद्ध एयरको वेबसाइट एपमार्फत टिकट खरिद गर्दा आइएमई पेबाट भुक्तानी गर्न मिल्ने भएको छ । आइएमई पे र बुद्ध एयरका प्रतिनिधि बिच साउन २१ गते, आइतबार, सम्झौता भइ सो सेवा सुरु गरिएको हो ।

सम्झौता अनुसार, अब यात्रुहरूले यसरी टिकट खरिद गर्ने क्रममा आइएमई पे छनौट गरी सजिलै पैसा तिर्न बाँकी ६ पृष्ठमा

## अर्थ संसार

# सानिमा बैंकका ग्राहकहरुलाई Foodmandu मा क्यासब्याक

काठमाडौं । सानिमा बैंकले आफ्ना ग्राहकहरुलाई डिजिटल बैंकिङ्गका माध्यमहरु प्रयोग गरी डिजिटल भुक्तानीको प्रोत्साहन गर्न Foodmandu संग क्यासब्याक अफरको व्यवस्था गरेको छ ।




उक्त व्यवस्था अन्तर्गत सानिमा भिसा डेबिट क्रेडिट कार्ड र सानिमा मोबाइल बैंकिङ्ग एप प्रयोग कर्ताहरुले योजना अवधिभर प्रत्येक शनिबार Foodmandu मा डिजिटल भुक्तानी गर्दा क्यासब्याक प्राप्त गर्न सक्नेछन् ।

सानिमा मोबाइल बैंकिङ्ग एप प्रयोग कर्ताहरुले QR Code स्क्यान गरी भुक्तानी गर्दा १५ प्रतिशत वा अधिकतम रु. २००सम्म, सानिमा भिसा डेबिट कार्ड प्रयोगकर्ताहरुले १५ प्रतिशत वा अधिकतम रु. ३०० सम्म तथा सानिमा भिसा क्रेडिट कार्ड प्रयोग कर्ताहरुले २० प्रतिशत वा अधिकतम रु. ३०० सम्मको क्यासब्याक पाउन सक्नेछन् । ग्राहकहरुले उक्त भुक्तानी भएको एक हप्ता भित्र क्यासब्याक प्राप्त गर्नु हुनेछ ।

यो योजना २० श्रावण, २०८० देखि २० माघ, २०८० गते सम्म प्रत्येक शनिबारका लागि लागू हुनेछ । बैंकले यसै गरी ग्राहकहरुलाई विभिन्न छुट तथा अफरहरु प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम् प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ ।

# एन आई सी एशिया बैंकको चौथो त्रयमासिक वित्तीय नतिजा प्रकाशित

काठमाडौं । मुलुकभर फैलिएका शाखा सञ्जालहरू मार्फत आफ्ना लाखौं ग्राहक महानुभावहरू माझ गतिशील बैंकिङ्ग प्रदान गर्दै आइरहेको एन आई सी एशिया एन आई सी एशिया बैंकको चौथो त्रयमासिक वित्तीय नतिजा प्रकाशित लिमिटेडले आ.व. २०७९/८० को चौथो त्रयमासको अपरिष्कृत वित्तीय विवरण प्रकाशित गरेको छ ।

बैंकिङ्ग क्षेत्रको विभिन्न वित्तीय सूचकांकहरूमा अग्रणी स्थान ओगटेको यस बैंकका समग्र वित्तीय विवरणका परिसूचकहरू उत्साहजनक रहेका छन् । यस बैंकले आ.व. २०७९/ ८० को चौथो त्रयमास सम्ममा कर्जा व्यवसाय तर्फ कुल कर्जा रकम रू. २७१.५९ अर्ब पुऱ्याउन सफल भएको छ ।

साथै, निक्षेपतर्फ कुल निक्षेप संकलन रू. ३१४.३१ अर्ब पुऱ्याउन बैंक सफल भएको छ । बैंकले यस त्रयमास सम्ममा खुद मुनाफातर्फ रू. ४.६५ अर्ब आर्जन गर्न सफल भएको छ, जुन वार्षिक विन्दुगत आधारमा १० प्रतिशतको वृद्धि हो । यसैगरी बैंकको स्व-पूँजीमा प्रतिफल -च्यभ् १७.०७ प्रतिशत रहेको छ । साथै, यस बैंकले वार्षिक प्रति शेयर आम्दानी रू. ४०.२२ आर्जन गर्न बैंक सफल भएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

स्व-पूँजीमा प्रतिफल र प्रति शेयर आम्दानी २० वटै बाणिज्य बैंकहरू मध्ये अग्रणी रहेको अनुमान बैंकले गरेको छ । बैंकले कर्जा असुलीमा निकै उत्साहजनक नतिजा हासिल गर्न सफल भई निष्कृय कर्जा अनुपातलाई चौथो त्रयमास सम्ममा ०.८० प्रतिशतमा सीमित राख्न सफल भएको छ ।

बैंकले आ.व. २०७९/८० मा ६ लाख बढी नयाँ ग्राहकहरू थप गर्दै ३८ लाखभन्दा बढी ग्राहक महानुभावहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ । यसै त्रयमास सम्ममा बैंकले कुल कर्जा लगानीको अंशमा करिब ८८ प्रतिशत साना तथा मझौला र रिटेल प्रकारका रणनीतिक क्षेत्रहरूमा कर्जा विस्तार गरेको छ । साना तथा मझौला कर्जा लगानीमा मुलुकका समग्र वाणिज्य बैंकहरू भन्दा यस बैंक अग्रणी स्थानमा रहेको बैंकको अनुमान रहेको छ ।

एन आई सी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ्ग सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो । यस बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ५५९ एटिएम, १११ वटा विस्तारित काउन्टर एवं ६१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ । देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको छ ।

देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. २३ अर्ब ५८ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.३ अर्ब ६६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाउन बैंक सफल भएको छ ।

वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाब, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

# सीटीईभीटी डिप्लोमा तहको प्रवेश परीक्षा स्थगित

काठमाडौं । प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (सीटीईभीटी )को परीक्षा नियन्त्रण कार्यालयले डिप्लोमा तथा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा स्थगित गरेको छ ।

सीटीईभीटीले सूचना प्रकाशित गर्दै डिप्लोमा तथा प्रि-डिप्लोमा तहको भर्नाको लागि यहि २०, २४ र २६ गते सञ्चालन हुने प्रवेश परीक्षा स्थगित गरी भदौमा सञ्चालन गर्ने जनाएको छ ।

सीटीईभीटीले डिप्लोमा/प्रमाणपत्र तहको छात्रवृत्ति तर्फको प्रवेश परीक्षा भदौ २ गते बिहान, पूर्ण शुल्कीय तर्फको भदौ ६ गते र प्रि-डिप्लोमा तहको छात्रवृति तर्फको प्रवेश परीक्षा भदौ २ गते र पूर्ण शुल्कीय तर्फको भदौ ६ गते सञ्चालन हुने जनाएको छ ।

सीटीईभीटीले प्रवेश परीक्षाको आवेदन खुलाएपछि चिकित्सा शिक्षा आयोगले सामान्य चिकित्सा (एचए), नर्सिङ, फार्मेसी, ल्याबलगायत विषयमा सिट निर्धारण नभएको भन्दै विद्यार्थीलाई भर्ना नहुन आग्रह गरिसकेको छ ।



आफु खुशी चिकित्सा शिक्षाको कार्यक्रमहरुको सिट निर्धारण गर्नुको साथै सम्बन्धन दिएकोले प्रवेश परीक्षाको लागि आवेदन नदिन चिकित्सा शिक्षा आयोगले सूचना सार्वजनिक गरेको छ ।

परिषद्ले गैरकानुनी रुपमा प्रवेश परीक्षाको लागि आवेदन खुलाएको र भर्ना गरे गराएमा ती विद्यार्थीको उपाधि नेपाल स्वास्थ्य व्यवसायी परिषद् लगायत सम्बन्धित विषयगत काउन्सिलमा दर्ता समेत नहुने आयोगले चेतावनी दिएको छ ।

साथै भर्ना प्रकृया अगाडी बढाएको खण्डमा सीटीईभीटी माथि कानुनी कारवाही अगाडी बढाउने जनाएको छ । यहि बीच सीटीईभीटीले भने अहिले तोकिएको प्रवेश परीक्षा स्थगित गरी भदौमा सञ्चालन गर्ने सूचना सार्वजनिक गरेको छ ।

# थन्किएर बसेका सहकारी कार्यबिधि कार्वान्वयन गराउँदै मन्त्री चौधरी



काठमाण्डौं । भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री रन्जिता चौधरीले चौधरीले सहकारी सम्बन्धि समस्या समाधान गर्नका लागि लामो समयदेखि निष्कृय रहेको कार्यबिधि तथा ऐन कार्वान्वयनमा लैजाने भएकी छिन् ।

सहकारी ऐन २०७४ र नियमावली २०७५ मा व्यबस्था भएपनि निष्कृय बन्दै आएको बिभिन्न ऐन तथा कार्यबिधिहरु तत्काल कार्वान्वयनमा लैजान मन्त्री चौधरीले निर्देशन दिएकी हुन् ।

मन्त्री चौधरीलेको निर्देशनसँगै कर्जा सूचना केन्द्र, बचत सुरक्षण कोष, असुली न्यायधिकरण, सहकारी समस्या समाधान सुझाव कार्यदल, उच्चस्तरीय प्राबिधिक समिति, क्रेडिट युनियन याक्ट (सियुए) लगायत कार्यबिधि कार्वान्वयन गरिने भएको छ ।

कार्वान्वयनमा आउने कार्यबिधिहरु मध्य समस्यामा परेका सहकारी पिडितहरुलाई बचत सुरक्षण कोषले तत्काल राहत दिने मन्त्री चौधरी बताउँछिन् ।

'बचत सुरक्षण कोष भनेको यदी कुनै बचतकर्ताको रकम सहकारीमा डुबेको छ उसले सहकारी मार्फत फिर्ता पाउन सकेनन् भने यस कोष मार्फत सरकारले उपलब्ध गराउनेछ र सहकारीबाट सरकारले लिनेछ', मन्त्री चौधरीले भनिन् ।

मन्त्रालयले अर्थको सहमति लिएर उक्त कार्यबिधिहरु कार्वान्वयनका लागि मन्त्रिपरिषदको निर्णय गराउन लैजाने चरणमा छ । आगामी दुई महिना भित्रै आवश्यक सम्पूर्ण आन्तरिक तयारी पूरा गरेर सहकारी पिडितहरुलाई सरकारले नै पाउनु पर्ने रकम उपलब्ध गराउने मन्त्री चौधरी बताउँछिन् ।

अन्य कार्यबिधिहरु भने सहकारी पिडितहरुको दिर्घकालिन समस्या समाधानका लागि अतिउपयोगी रहनेछ । 'अहिले हामीले कार्वान्वयनमा लैजान लागेका ऐन तथा कार्यबिधिहरुका कारण सहकारीमा हुने समस्या र त्यसबाट पिडित हुने सम्भावनाको निर्मूल हुने कुरामा हामी विस्वत छौं । यही कुरामा ढुक्क भएर नै सहकारी पिडितहरुले लामो समयदेखि जारी राख्नु भएको आन्दोलन स्थगित गर्नु भएको छ', मन्त्री चौधरीले भनिन् ।

माइतीघरमा करिब २ महिनादेखि आन्दोलनमा रहेका सहकारी पिडितले बिहिबारदेखि आन्दोलन स्थगित गरेका छन् । सिंहदरबारमा भुमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री चौधरीले, सचिव गोकर्णमणी दुवाडी, सहकारी विभागका रजिष्टार नवराज घिमिरे समेतको उपस्थितिमा मन्त्रालयमा छलफल भएपछि पीडितसँग सरकारले ७ बुँदे सम्झौता गरेको छ ।

# नेपाल हाते काजग संघको कार्यक्रम सम्पन्न

काठमाडौ । नेपाल हाते कागज संघको विशेष मेला आज काठमाडौको रायन होटलमा भव्य उदघाटन गरी शुरु भएको छ । नेपाल सरकारका उद्योग तथा बाणिज्य सचीव मधु कुमार मरासैनीले दिप प्रज्वल गर्नुका साथै नेपाली कागजमा हस्तलिखित ब्यानरमा हस्तक्षर गरी कार्यक्रमको उदघाटन भएको हो ।

कार्यक्रमको सभापति नेपाल हाते काजग संघका अध्यक्ष किरण डगोलले गरेका थिए । अथितिहरुमा होटल संघ नेपालका विजय शाह, निर्यात व्यावसायी संघका अध्यक्ष शंकर पाण्डे, प्रचण्ड शाक्य अध्यक्ष हस्तकला महासंघ, सरद विक्रम राणा कार्यकारी निर्देशक ब्यापार तथा निकासी प्रर्वधन केन्द्र, राजेश कुमार अग्रवाल अध्यक्ष नेपाल उद्योग



परिसंघ, राजेन्द्र मल्ल अध्यक्ष नेपाल चम्बर अफ कर्मश,हेमराज ढकाल वस्तुगत समूहका उपाध्यक्ष नेपाल उद्योग बाणिज्य संघ, नानीराज घिमिरे अध्यक्ष फुटवेयर म्यानुफ्याक्चर्स एशोसिएसन अफ नेपाल,शिव प्रसाद घिमिरे कार्य समिति सदस्य नेपाल उद्योग बाणिज्य संघ, राजेन्द्र भण्डारी अध्यक्ष नेपाल बैदेशिक रोजगार व्यासायी संघ लगायतको उपस्थितिमा कार्यक्रमा भएको हो ।

कार्यक्रममा मन्तव्य राख्ने क्रममा बिभिन्न व्यक्तिहरुले नेपाली हाते कागज प्रयोग गर्न र यसको मौलिकता नेपालीको पहिचान साथै नेपाली हाते कागजको उत्पादन,प्रयोग बजारको अवस्थाको वारमा जानकारी गराएका थिए भने कार्यक्रममा वत्ताको रुपमा आएकमा बक्ताहरुले एक अर्का संस्थासँग सहकार्य गरेर अगाडी बढ्नुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा उपस्थिति भएका प्रमुख अतिथि, अतिथिहरुलाई मायाको चिनो वितरण गरिएको थियो । प्रर्दशन होटल संघ र नेपाल हाते कागज संघको संयुक्त आयोजनामा भएको हो । कार्यक्रमका समापन नेपाल हाते कागज संघका उपाध्यक्ष रामकृष्ण धौभडेलले गरेका थिए ।

# केन्द्रीय समिति बैठक समापनअघि प्रचण्डले बोलाए पदाधिकारी बैठक

केन्द्रीय समिति बैठक समापनअघि प्रचण्डले बोलाए पदाधिकारी बैठक

काठमाडौं । नेकपा माओवादी केन्द्रको केन्द्रीय समिति बैठक सम्पन्न गर्नुअघि प्रधानमन्त्री एवम् माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पदाधिकारी बैठक बोलाएका छन् ।

प्रधानमन्त्री निवास बालुवाटरमा जारी बैठकमा केन्द्रीय सदस्यहरुले बैठकमा उठाएका प्रश्नको जवाफ तयार पार्ने बारे छलफल भइरहेको एक नेताले बताए । साथै संगठनात्मक कार्यविभाजन, विधान अधिवेशन लगायतका विषयबारे पनि पदाधिकारी बैठकमा छलफल भइरहेको छ ।

नेकपा माओवादी केन्द्रको केन्द्रीय समिति बैठक साउन १७ गतेदेखि प्रज्ञा भवन कमलादीमा जारी छ । बैठकमा धारणा राख्ने अधिकांश केन्द्रीय सदस्यहरुले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रस्तुत गरेको मौखिक प्रतिवेदन र उनीलगायत शीर्ष नेताहरूको जीवन शैलीलाई लिएर गम्भीर प्रश्नहरू उठाएका छन् । साथै, केहीले पार्टी अध्यक्ष प्रचण्डको जबर्जस्त प्रशंसा समेत गरेका छन् । बैठकमा उठेका प्रश्नको जवाफ आज अध्यक्ष प्रचण्डले दिएपछि बैठक समापन हुने छ । आज अन्तिम दिनको बैठक दिउँसो १ बजे बस्दै छ ।

माओवादी केन्द्रीय कार्यालयका सचिव डोरप्रसाद उपाध्यायले अनलाइनखबरसँग भने, 'केन्द्रीय समिति बैठकमा उठेका जिज्ञासाहरुको अध्यक्षले आज जवाफ दिनुहुन्छ । बैठकमा पेस भएका प्रतिवेदन पास हुन्छ र केही संगठनात्मक निर्णयहरु गरेर बैठक समापन हुन्छ ।'



## खेलकुद

# अन्तिम ओभरमा दुई विकेट लिँदै वेस्ट इन्डिजले भारतलाई हरायो

काठमाडौं । भारतविरूद्धको पहिलो टी-२० खेलमा घरेलु टिम वेस्ट इन्डिजले ४ रनको रोमाञ्चक जित हासिल गरेको छ ।

बिहीबार राति भएको खेलमा वेस्ट इन्डिजले दिएको १५० रनको लक्ष्य पछ्याएको भारतले ९ विकेटको क्षतिमा १४५ रन मात्र जोड्न सक्यो । अन्तिम ओभरमा भारतलाई जितका लागि १० रन चाहिएको थियो । जसमा




वेस्ट इन्डिजका सेफर्डले भारतका कुलदिप यावदलाई पहिलो बलमै बोल्ड गरे ।

त्यसपछि युजभेन्द्र चहलले दोस्रो बलमा १ रन लिँदा तेस्रो बलमा अर्शदिप सिंहले दुई रन लिए । चौथो बल डट भयो पाँचौ बलमा अर्शदिप दुई रन लिने क्रममा रनआउट हुँदा अन्तिम बलमा ६ रन चाहियो। जसमा मुकेस कुमारले १ रन मात्र लिन सके ।

त्यसअघि भारतका लागि सूर्यकुमार यादवले सर्वाधिक ३९ रन जोडे भने ओपनरद्वय इशन किसन ६ रन र शुभमन गिल ३ रनमा आउट भए । बलिङमा वेस्ट इन्डिजका ओबेड म्याककोए, जासन होल्डर र सेफर्डले २-विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले ६ विकेटको क्षतिमा १४९ रन जोड्यो उसका लागि निकोलास पूरनले ४१ रन र कप्तान रोभमन पावेलले ४८ रन जोडे ।

# क्यानडामा सन्दीप लामिछानेको उत्कृष्ट प्रदर्शन

काठमाडौं । क्यानडामा जारी फ्रेन्चाइज क्रिकेट प्रतियोगिता 'ग्लोबल टीट्वान्टी क्यानडा' मा नेपालका स्पिनर सन्दीप लामिछानेले गजबको प्रदर्शन गरेका छन् । सन्दीपकै उत्कृष्ट प्रदर्शनका कारण सरे जग्वार्सले सफलता पनि हात पारेको छ ।



सोही योगदानका कारण सन्दीप म्यान अफ दी म्याच पनि घोषित भए । सरे जग्वार्सले आफ्नो पछिल्लो खेलमा मिसिसाउगा प्यान्थर्सलाई आठ विकेटको फराकिलो अन्तरले हरायो । उक्त खेलमा सन्दीपले निकै किफायती बलिङ गर्दै चार ओभरमा केवल ६ रन खर्चिएर तीन विकेट लिए ।

टस हारी पहिले ब्याटिङको निम्तो पाएको प्यान्थर्सले १४.३ ओभरमै अलआउट हुनुअघि ५६ रन मात्र बनाउन सक्यो । प्यान्थर्सलाई सस्तोमा समेटन सन्दीपका अतिरिक्त इफ्तिखार अहमद र म्याथ्यु फोर्डले दुई–दुई विकेट लिए । आयान खान र अमार खालिदले पनि एक–एक विकेट हात पारे । प्यान्थर्सका दुई ब्याट्सम्यानले मात्र दोहोरो अङ्कमा रन बनाउन सके ओपनर श्रेयस मोभाले १७ र निखिल दत्ताले १० रन बनाए । जवाफी ब्याटिङमा ओर्लिएको सरेले नौ ओभरमा केवल दुई विकेट गुमाएर ५९ रन बनाउँदै विजय लक्ष्य पार गर्‍यो ।

सरेका लागि ओपनर ब्याट्सम्यान मोहम्मद ह्यारिसले अविजित ३७ रन बनाए । विकेटकिपर ब्याट्सम्यान लिटन दासले १० रन जोडे कप्तान इफ्ताखार अहमदले अविजित आठ रन जोडे । सात खेलबाट १० अङ्क जोडेको सरे पहिलो स्थानमा छ ।

# भारतको हैदरावादमा नेपालले जित्यो २२ स्वर्णसहित ६२ पदक

काठमाडौ । नेपालले आईटीएफ अन्तराष्ट्रिय तेकान्डोमा २२ स्वर्ण सहित ६२ पदक प्रप्त गरेको छ । शुक्रवारबाट आईतवारसम्म भारतको हैदरावादमा भएको खेलमा दक्षिण एसियाली आईटीएफ तेकान्डो प्रतियोगितामा उक्त अन्तराष्ट्रिय पदक प्राप्त गरेका हुन् ।

नेपालले बङ्गलादेश, अफगानिस्तान र भारतसँग प्रतिस्पर्धा गरेको थियो । नेपालवाट गएका खेलाडी मध्य स्वर्ण पदकधारी रामेछापको खाँडादेवी गाउँपालिकाका निर्मल लामा स्पाइरिङ तर्फ तौल समूह (५५(६०) स्वर्ण पदक, रोशन घिसिङ स्पाइरिङ तर्फ तौल समूह (५०(५५) रजत पदक जितेका हुन् ।

त्यस्तै सुनापती गाउँपालिकाका अनिल खड्का स्पाइरिङ्ग तर्फ तौल समूह (६०(६५) रजत पदक, बिनिता थापा मगर स्पारिङ तर्फ तौल समूह (४५(५०) स्वर्ण पदक र साहिल दोङ्ग स्पाईरिङ तर्फ रजत पदक जिताएका हुन् ।

अन्तराष्ट्रिय आईटिएफमा तेकान्डोमा पदक जित्ने खेलाडीहरु ५ जना रामेछापका खेलाडी परेका छन् । त्यस टिमको प्रशिक्षकमा पनि रामेछापका तेकान्डोका अध्यक्ष धनराज मोक्तान सहभागि थिए ।

## खुस्किदै गएको नेपाल

पृष्ठ १ बाट जारी

थियो । परिवर्तनमा देशको सुरक्षा, देशको आत्मनिर्भरता बलियो हुनुपर्नेमा उल्टै कमजोर भएको थियो। यसको निरन्तरता रहने हो भने देशको अस्तित्व नै समाप्त हुने खतरा देखेर तत्कालीन श्री ५ वडा महाराज धिराज महेन्द्र बिरबीक्रम शाहले राजनीति एक्सन लिएर २०१७ सालमा नेपालको अस्तित्व रक्षाको लागि काम गरेका थिए भन्ने भनाई राजावादी खेमाहरुको छ।

त्यसपछि २०४६ सालको परिवर्तन अर्थात संयुक्त जनआन्दोलन नाम दिएको व्यावस्था पछि नेपालका उद्योग कलकारखाना नीजिकरण गर्दै एकपछि अर्को गरी देशका नागरिकहलाई बेरोजगार बनाउने काम बहुदलीय व्यवस्थाले गरेको देखिन्छ। जुन व्यवस्थाले देशको उद्योग कलकारखान सिद्धयायो त्यही व्यवस्था र पार्टीहरुलाई ठिक मानेर बस्ने नेपालीहरुको भीड ठुलो देखिन्थ्यो । त्यहा नजिकै रहेको छिमेकी भारतको साथ नेपाली काँग्रेस, एमालेलाई रहेको थियो । त्यसो भन्ने आधार पनि छ । काठमाडौंको गणेशमान सिंहको च्याक्सीवारी र विपी कोइरालाको निवास बिराटनगरमा भारतीयहरु आएर हामरे आन्दोलन आगे बढे हे नै रोकिङगे जस्ता नारा लगाएर बहुदल ल्याइएको थियो । जसले नेपालको विकासमा टेवा पुऱ्याउने राणकालीन व्यवस्थालाई गाली गर्ने र देशको विरुद्ध सन्धि सम्झौता गर्नेहरुलाई वा वा भन्ने नेपाली समाजको आन्दोलनले नेपालको अर्थतन्त्र त्यतिवेला देखिनै भत्काउन थालेको देखिन्छ।

त्यसैको असर अहिले सत्तामा नेतृत्व गरिरहेको माओवादी पार्टी २०५२ सालपछि माओवादी पार्टीका नेताहरु सवैजति भारतमा आश्रय लिएर नेपालमा हिंसाको राजनीतिको बिउ रोपेर नेपाललाई भारतीय बारुद्ध किनेर नेपाललाई मरुभुमिका परिणत बनाउदै अधिकारै अधिकारका कुरा गरेर सत्तामा आएका थिए। उनिहरुलाई सत्तामा ल्याउन पनि भारतको दिल्लीमा माओवादी सहित आठ दलीय गठबन्धनलाई २०६२ साल मंसिर ७ गते १२ बुदे सम्झौता गराई नेपालको राजतन्त्र विरुद्ध मोर्चावन्दी गर्न सहयोग गरेको थियो।

त्यसपछि एकपछि अर्को गर्दै अस्थिरताका अवयवहरु जारी नै छन् । नेपालको पहिलो उद्योग विराटनगर जुटमिल परिवर्तनको पनि धेरै परिवर्तन मानिएको गणतन्त्र व्यावस्था स्थापना भएको ५ बर्षपछि बन्द गरी त्यस उद्योग स्थापना कालमा नेपालका कालीगढहरुको सीपमा उत्पादन भएको ईटा समेत बेचेर त्यहा हजारौ कर्मचरीहरुले पाईहरेको रोजगार खोसेका छन्।

माथि उल्लेखित बिषयको फेरिस्त पढेपछि नेपालको अर्थतन्त्र कसरी किन कमजोर भयो भन्ने ज्ञान प्रष्टसँग खुल्यो होला। किनकी नेपालले निर्यात गने बस्तु नै केही छैन। सामान्य तामाको तार, जडीबुटीको केही कच्चा पदार्थ, वाहेक भरभरका सामानहरु विदेशवाट आयात गरेर प्रयोग गर्नुपर्छ । यो अवस्थामा देशलाई पुऱ्याउन कुन कुन पार्टीका नेताहरु कसरी प्रयोग भए ? क्रान्त्रिका नाममा देशको अर्थतन्त्र कसरी ध्वस्त हुदो रहेछ। अर्थतन्त्र कमजोर भएपछि देशको अस्तित्व जोगाउन मुक्किल हुदोरहेछ भन्ने हेका राखेर मात्र विद्रोह, क्रान्त्रि गर्नुपर्दोरहेछ भन्ने ज्ञान नेपालीहरुलाई आउनुपर्छ।

यतिवेला नेपालमो अर्थतन्त्रमा आएको असर २००७ सालदेखि शुरु भएको विदेशी डिजाईन एकपछि अर्को त्यतिवेला देखि षयन्त्र गर्दै यतिवेला नेपालीहरुलाई कमजोर बनाएर स्वार्थ सिद्ध गर्ने अवस्थामा पुगेको छ।

नेपालीहरु यतिवेला निक्कै संवेदनशील भएर नेपालको अर्थतन्त्र कमजोर भएको वेलाको संकटवाट पार गर्न हाम्रा बानी व्यहोराहरु बदल्नुपर्छ । आत्मनिर्भर के केमा हुन सकिन्छ।अनाआवश्यक खर्च कसरी रोक्न सकिन्छ। त्यो अपनाउनुपर्छ। कृषि-पर्यटन- जलविद्युत हाम्रा सम्भावना बोकेका क्षेत्रलाई दिर्धकालीन नीति बनाएर अगाडी जान ढिलो गर्नुहुदैन। यस्तो काम अहिलेका नयाँ सोच राखेर देश बनाउछु भन्ने युवा शक्ति र देश बनाउने सपना बोकेका निष्ठावान राजनीति गरिरहेका भुक्तभोगी तर अवसरवाट सधै बञ्चित गरिरहेका अनुभवि पुस्ताहरुको एकतावाट देशको निकास खोज्नुपर्ने वेला आएको छ । यो काम सवै नेपाली मिलेर गरेमा मात्र सम्भव छ।

पृष्ठ ४ बाट जारी

सक्ने छन् साथै प्रत्येक भुक्तानीमा चन्द्रागिरी केवलकारको निःशुल्क कुपन पनि प्राप्त गर्न सक्ने छन्।

'आइएमई पे ले ग्राहकहरूको सुविधाको लागि सुरक्षित तथा नव प्रवर्द्धधत सेवाहरूको माध्यमबाट क्यास-लेस सोसाइटी निर्माणमा थप प्रोत्साहन गर्नमा अग्रणी भूमिका निर्वाह गर्ने, साथै आफ्ना प्रयोगकर्ताहरूको हवाई यात्राको अनुभवलाई थप सहज तथा सहुलियतपूर्ण बनाउने उद्देश्यले यो सम्झौता गरिएको,' कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले बताउनु भएको छ।

## भारत जानेको लर्को

पृष्ठ १ बाट जारी

पनि कहाँ छ र रु तर गुजाराका लागि पनि जानैपर्ने बाध्यता छ।'

बुढाभ्कैं सुर्खेत मेहलकुनाका हरि ओली पनि असारे खेतीबाली लगाएर परिवारको छाक टार्न भारतमा मजदुरीका लागि जाँदै गर्दा जमुनाहमा भेटिए । घरमा स्कुल पढ्ने छोराछोरी छन् । पढाउनलाई र दशैं-तिहारको जोहो गर्न आफू भारत जानुपर्ने बाध्यता भएको उनले बताए । उनले भने, 'हाम्रो देशमा व्यवसाय गर्न पनि लगानी चाहिन्छ । लगानी लगाएर व्यवसाय गर्न मेरो हैसियतले भ्याउँदैन । रहरले भन्दा पनि बाध्यताले भारतमा मजदुरी गर्न जानुपरेको छ।' उमेरले ५६ वर्ष पार गरिसकेका ओलीले भारत गएर कमाउन थालेको २२ वर्ष भएको बताए ।

यसैगरी रोजगारीका लागि भारत जाँदै गरेका दैलेखका विनय क्षेत्रीको पनि कथाव्यथा बुढा र ओलीको जस्तै छ । उनी पनि बर्खे खेती लगाउनका लागि घर आएको र खेती लगाएर दशैं-तिहारको जोहो गर्न भारतको सिमला जान लाग्दै गर्दा जमुनाहनाकामा भेटिए । उमेरले ४८ वर्ष लागेका क्षेत्रीले नेपालमा रोजगारीको अभावसँगै स्वरोजगारका लागि सीप र लागतको पनि अभावले बर्षैच्छे भारत जानुपरेको बताए । 'आफूसँग हातमा सीप छैन, व्यापार-व्यवसाय गर्न लगानी छैन, अनि महिना दिन ढुक्कले काम गर्ने रोजगारी पाइँदैन । भारतमा त जस्तो भन्यो त्यस्तै काम पाइन्छ अनि दाम पनि । त्यसैले मजदुरी गर्न भारतको सिमला जान लागेको हुँ,' उनले भने ।

बुवा र काकाको साथमा सानै उमेरदेखि भारतमा गएर मजदुरी गर्दै आएको विनयले बताए । विगत १८ वर्षदेखि भारतमा गएर काम गर्न सुरु गरेका विनयलाई सुरुमा भारतमा जानका लागि आफ्नो देशको नाका पार गर्दा नमज्जा लागेको अनुभव सुनाए । 'पहिलोपटक काम गरेर पैसा कमाउन बुवा र काकासँग भारत गएको थिएँ । त्यतिबेला यही नाकामा म मनैमन रोएको पनि थिएँ । साह्रै नमज्जा लागेको थियो । अहिले त बानी परिसक्यो', उनले भने, 'आफ्नै गाउँठाउँमा बस्ने रहरलाई मारेर अर्काको देशमा खुन पसिना बगाउन मलाई मन छैन तर यो बाध्यता हो ।'

प्रत्येक वर्ष नेपालगन्जस्थित जमुनाहनाका हुँदै दशैं-तिहारका लागि खर्च जुटाउन भारत जाने नेपालीको लर्को लाग्ने गर्दछ । यस वर्ष पनि असारे खेतीबाली सकेर दशैं-तिहारका लागि खर्च जुटाउन भारत जाने नेपालीको लर्को सीमा नाकामा देख्न सकिन्छ । असारे खेतीबाली लगाएर रोजगारीको सिलसिलामा दैनिक भारत जाने नेपालीको सङ्ख्या योपटक भने दुई सयभन्दा बढी भएको सीमा नाका जमुनाहले जनाएको छ ।

## स्वास्थ्य क्षेत्र सुधार

पृष्ठ १ बाट जारी

सहकार्या गर्ने कार्यक्रम मन्त्रीलाइ सोधेर मात्र अघि बढ्नुपर्ने लगायतका निर्देशन दिइन ।

गण्डकी प्रदेश निति तथा योजना आयोगका सदस्य सुबास अधिकारीले गण्डकी प्रदेश सरकारले सुरु गरेको परिवारिक स्वास्थ्य प्रोफाइल योजना तिव्र रुपमा अघि बढाउनुपर्ने जानकारी दिए ।

जनताको स्वास्थ्य उपचारको लागी कम खर्च हुने योजन अघि बढाउनु अनुरोध गरे । स्वास्थ्को क्षेत्रमा कुनैपनि योजना हाल्ने बेलामा योजना माथी अनुसंधान हुनुपर्ने बताए ।

संक्रमण तथा सरुवा रोग अस्पतालका निर्देशक बिकास गौचनले संक्रमण तथा सरुवा रोग अस्पतालले अहिलेसम्म उल्लेखनिय काम गरेको बताए । अहिले पनि गण्डकी अस्पतालमा अन्य अस्पतालमा नपाइने तर संक्रमण रोग तथा कोभिड १९ विरुद्धको खोप निरन्तर दिएको बताए ।

५० शैयाको अस्पतालमा विभिन्न सरुवा रोग, आँखाको प्रथामिक उपचार र इमजेन्सी सेवा २४ घण्टा नै सुचारु गरेको सुनाए ।

गण्डकी प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश क्षेयरोग उपचार केन्द्र, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रलय आपुर्ति व्यवस्थापन केन्द्र लगायतका संस्थाले समिक्षामा प्रगति विवरण र आगामी वर्षको योजना पनि सुनाएका थिए ।

# मान्छेलाई किन तनाव हुन्छ ?

काठमाडौं । 'तनाव', 'टेन्सन', 'डिप्रेसन' जस्ता शब्द धेरैको मुखबाट पटक-पटक सुनिन्छ । खोज्न थालियो भने तनाव छैन भन्ने मानिस भेटाउन मुश्किल पर्छ। धेरैले त तनाव नहुने व्यक्ति नहुने पनि तर्क गर्छन्।

तनाव गराउने धेरै तत्व जिम्मेवार मानिन्छ । जस्तै, सम्बन्धमा खटपट, कसैलाई रोग, कसैलाई ऋण, कसैलाई बेरोजगारी, कसैलाई प्रमोसन, कसैलाई काम धेरै भएर त तनाव कसैलाई । सानो तिनो कामको चापदेखि ठूला-ठूला नोक्सानीले मान्छेलाई तनावग्रस्त बनाउँछ ।

दैनिक मानिसको जीवनमा हुने उतारचढावले पिरोलेको तनावले शरीरको हार्मोनमा पनि उथलउथल गराइरहने चिकित्सकहरुको भनाइ छ । हार्मोन विशेषज्ञ डा. विनय भटराई भन्छन्, 'तनाव हुँदा शरीरमा विभिन्न हार्मोनलाई प्रभाव पार्छ। तनाव हार्मोन पनि शरीरमा हुन्छन्, जब व्यक्तिलाई तनाव हुन्छ तब ती हार्मोन सक्रिय हुन्छन्।'

तनावका लागि कुन-कुन हार्मोन जिम्मेवार :

डा.भट्टराईका अनुसार शरीरमा निरन्तर काम गर्न लागि ऊर्जा चाहिन्छ । तनावले गर्दा ती ऊर्जालाई सन्तुलनमा ल्याउने हार्मोनलाई पनि दखल पुऱ्याउँछ । तनावले मानिसको शरीरमा विभिन्न हार्मोनहरूमा परिवर्तन गर्छ। 'तनाव हुँदा सिम्पथेटिक स्नायुप्रणाली सक्रिय हुन्छन्। त्यससँगै कर्टिसोल हार्मोन शरीरमा निस्कन्छ । कोर्टिसोल हार्मोनले तनाव गराउने र नियन्त्रणमा पनि यसले भूमिका खेल्ने भएर यसलाई स्ट्रेस हार्मोन पनि भनिन्छ।

कोर्टिसोल हार्मोन के हो ?

अमेरिकाको क्लिभल्याण्ड क्लिनिक अर्गनाइजेसनका अनुसार कोर्टिसोल एक स्टेरोइड हार्मोन हो। कोर्टिसोल मिर्गौलाको माथिपट्टि इन्डोक्राइन ग्रन्थिहरुले उत्पादन गर्ने र छाड्ने गर्छ । मस्तिष्कमा रहेको पिट्युटरी ग्रन्थिले पनि स्ट्रेस हार्मोन 'कोर्टिसोल' रासायनिक पदार्थको उत्पादनलाई बढाउँछ । यसले शरीरका अधिकांश भागलाई प्रभाव पार्छ। मुख्यतया तनाव हुँदा हार्मोन निस्किने मात्र होइन, तनावलाई सन्तुलन गर्ने कार्य पनि यसकै हुन्छ। कोर्टिसोल शरीरका धेरै कोषिकामा पाइन्छ, त्यसैले यसका कार्य पनि त्यस आधारमा फरक हुने मधुमेह रोग विशेषज्ञ डा.दीपक मोहन मल्ल बताउँछन्। 'स्मरण शक्तिलाई बलियो बनाउने, बोसो, प्रोटिन र कार्बोहाइड्रेटलाई नियन्त्रण गर्ने, स्मरण शक्तिलाई बलियो बनाउने, रक्तचापलाई नियन्त्रण राख्ने, अंगहरुलाई सुन्निन नदिने, ब्युँझिने र निदाउने प्रक्रियालाई नियन्त्रण गर्न मद्दत गर्ने, शरीरमा नुन र पानीको सन्तुलन कायम राख्ने हुँदा रक्तचाप नियन्त्रण गर्न पनि सहयोगी हुन्छ, ' मल्ल भन्छन्। उनका अनुसार कोर्टिसोल उत्पादन हुनु राम्रो हो तर दैनिक तनाव लिइरहने हो भने हार्मोन नियन्त्रण बाहिर हुँदै दीर्घरोगलाई बढावा दिन्छ। डा.भट्टराई भन्छन्, 'कोर्टिसोलको उत्पादन वृद्धिले रक्तचाप, मनोबल घटाउने, ग्लुकोज अवस्था, वजन वृद्धि, शरीरको विकास र इम्युन सिस्टमलाई प्रभावित गर्छ । निरन्तर तनावको कारण काटेकोलामिन हार्मोन उत्पादन बढी हुन्छ। नतिजा, मधुमेह, हृदयरोग, निद्राको समस्या, मानसिक अस्वस्थता, अण्डाकोषका समस्या र प्रजनन समस्याहरू हुन सक्छ।' कहिलेकाहीं तनावले नै हार्मोन अनियन्त्रित गरी मानिसलाई सोच्न नसक्ने अवस्थामा पुऱ्याउँछ, नतिजा सही गलत नै छुट्याउन मुश्किल हुन्छ, जसले गर्दा व्यक्ति गलत निर्णय पनि लिन सक्ने उनी सुनाउँछन्।

रगतमा कोर्टिसोलको मात्रा बढ्दा महिलाहरूमा कामवासना र मासिक धर्म चक्रमा परिवर्तन ल्याउन सक्ने डा.भट्टराई बताउँछन्।

कोर्टिसोलको कमी पनि समस्या बन्न सक्छ ?

कोर्टिसोल हार्मोनको अत्यधिक मात्रा र कमी दुवै स्वास्थ्यका लागि हानिकारक छन् । अन्तर्राष्टिय जनरल जोन हप्किन्स मेडिसिनमा प्रकाशित हामोनसम्बन्धी लेखअनुसार एडिसन रोग, अटोइम्युन सिस्टम (प्रतिरक्षा प्रणालीलाई कमजोर पार्ने रोग) जस्ता समस्याले शरीरका कोर्टिसोलको कमी गर्छ । नतिजा 'प्राइमरी एड्रेनल इन्सुफिशियन्सी' रोगको समस्या हुन सक्छ। यो एक दुर्लभ प्रकारको अटोइम्युन रोग हो, जसकारण एड्रेनल ग्रन्थिमा क्षति पुग्ने खतरा हुन्छ। यसका लक्षण विस्तारै सुरु भए पनि समय बित्दै जाँदा ती निकै गम्भीर हुन सक्छन्। एड्रेनल पर्याप्त नहुँदा थकान, मांसपेशी कमजोर, तौल घट्ने, मुड स्विङहरू र छालामा परिवर्तन हुने सम्भावना हुन्छ।

तनाव हुँदा के गर्ने ?

दीर्घकालीन तनावले स्वास्थ्यलाई असर पुऱ्याउने हुँदा तनाव व्यवस्थापन गर्ने विभिन्न तरिका अपनाउन सकिने मनोचिकित्सक डा. बासु कार्की बताउँछन् । 'अत्यधिक तनावले डिप्रेसन र एन्जाइटी गराउँछ, त्यसैले यसलाई नियन्त्रण गर्न तनाव हुने बित्तिकै लामो सास फेर्ने, छोड्ने प्रक्रिया दोहोऱ्याउने, ऊर्जा दिने र प्रेरणा दिने संगीत सुन्ने, घुम्न जाने, ध्यान र योगलाई पनि प्राथमिकतामा राख्नुहोस्,' कार्की बताउछन्।

# अन्तराष्ट्रिय समाचार

## चुनावी परिणाम उल्टाउन खोजेको आरोपमा ट्रम्पविरुद्ध मुद्दा

वासिङ्टन – अमेरिकामा सन् २०२० मा भएको चुनावी परिणाम उल्टाउन षड्यन्त्र गरेको आरोपमा अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध मुद्दा चल्ने भएको छ। ७७ वर्षीय ट्रम्पविरुद्ध वासिङ्टन डीसीस्थित एक संघीय अदालतमा बिहीबारदेखि सुनुवाइ थालिएको हो।

उनी आगामी वर्ष अमेरिकामा हुने राष्ट्रपतिको चुनावमा फेरि रिपब्लिकन पार्टीबाट उम्मेदवार बन्ने प्रयासमा छन्। तीन वर्षअघिको चुनावमा ट्रम्प हालका राष्ट्रपति जो बाइडेनसँग पराजित भएका थिए। तर, उनले सन् २०२१ जनवरी २० मा राष्ट्रपति भवन छोड्नुअघिसम्म चुनावी परिणाम उल्टाउन चलखेल गरेको आरोप छ। यसअघि ट्रम्पविरुद्ध सरकारको गोप्य फाइल गलत तरिकाले राखेको र एक पोर्नस्टारलाई अवैध रूपमा पैसा भुक्तान गरेको दुईवटा मुद्दा लागेको थियो। अहिले चुनावी परिणाम उल्टाउन उनले चार अवैध काम गरेको आरोप छ। उनले अमेरिकालाई धोका दिने षड्यन्त्र गरेको, सरकारी कारबाहीमा रोकावट, बाधा र नागरिकको अधिकारविरुद्ध षड्यन्त्र गरेको आरोप लागेको हो।

यी चारै आरोपित काम उनी राष्ट्रपतिमा पराजित भएर राष्ट्रपति भवन



छोड्नुअघिसम्म गरिएको बताइएको छ। पहिलो आरोप मत संकलन, गणना र प्रमाणित गर्ने काममा बाधा उत्पन्न गर्ने प्रयासमा आधारित छ। दोस्रो र तेस्रो इलेक्टोरल कलेजको मत प्रमाणीकरणमा बाधा पारेको र जसका कारण अमेरिकाको संघीय संसद्मा प्रदर्शन गराउन लगाएको घटनासँग सम्बन्धित छ। चौथो आरोप नागरिकको मत दिने र गणनाको अधिकारमा हस्तक्षेप गरेकोसँग सम्बन्धित भनिएको छ। मुद्दा अभियोजकहरूले यी आरोपलाई सन् २०२१ जनवरी ६ मा ट्रम्प समर्थकले अमेरिकाको संघीय

संसद्मा गरेको कब्जालाई पनि जोडेका छन्। त्यतिबेला प्रदर्शनकारीले राष्ट्रपतिमा बाइडेनको जितलाई प्रमाणीकरण गर्न रोक्ने प्रयास गरेका थिए। ट्रम्पले त्यतिबेला आफ्ना हार स्वीकार्न अस्वीकार गरेका थिए भने चुनावमा धोखाधडी भएको आरोप लगाएका थिए।

अमेरिकामा पूर्वराष्ट्रपतिविरुद्ध संघ र राज्यस्तरमा आपराधिक मुद्दा चलेको यो पहिलो पटक हो। विश्लेषकहरूका अनुसार हालको तेस्रो मुद्दाले भने उनलाई कानुनी र राजनीतिक रूपमा पनि हानि पुऱ्याउन सक्ने बताएका छन्। ट्रम्पविरुद्धको मुद्दामा सरकारबाट नियुक्त वकिल ज्याक स्मिथले यो मुद्दामा छिटो सुनुवाइको माग गरेका छन्। यदि ट्रम्प दोषी पाइएमा कडा सजाय हुने सम्भावना छ। यो मुद्दामा सुनुवाइ न्यायाधीश तान्या चुटकनको इजलासमा हुनेछ। उनले दुई वर्षअघि ६ जनवरीमा भएको प्रदर्शनका दोषीलाई पनि कडा सजाय सुनाएकी थिइन्। ट्रम्पलाई गोप्य दस्तावेज गलत तरिकाले राखेको आरोपमा २० वर्षसम्मको सजाय हुन सक्ने अर्को मुद्दा त अदालत प्रक्रियामा छँदै छ।

यद्यपि, यी मुद्दाका कारण ट्रम्पलाई आगामी राष्ट्रपति चुनावमा प्रतिस्पर्धा गर्न भने बाधा पार्दैन। अमेरिकाको कानुनअनुसार कुनै व्यक्तिमाथि आपराधिक आरोप लागेमा वा जेलमा नै भए पनि ऊ राष्ट्रपतिको चुनाव लड्न सक्नेछ। ट्रम्पले भने आफूमाथिको आरोप अस्वीकार गर्दै आएका छन्। उनले यो मुद्दाको विषयमा बोल्दै आफ्नो २०२४ को चुनावी अभियानलाई रोक्न खोजिएको दाबी गरेका छन्। बाइडेन प्रशासनले आफ्नो भ्रष्टाचार, काण्ड र असफलता ढाकछोप गर्नका लागि यस्तो अभियोग आफूमाथि लगाएको उनको आरोप छ।

*एजेन्सी*

## पाकिस्तानी पूर्वप्रधानमन्त्री खान पक्राउ

काठमाडौँ – पाकिस्तानका पूर्वप्रधानमन्त्री एवं तेहरिक-ए-इन्साफ (पीटीआई) पार्टीका प्रमुख इमरान खान पक्राउ परेका छन् । खानलाई शनिबार लाहोरस्थित निवासबाट पक्राउ गरिएको पाकिस्तानी समाचार संस्था डनन्युजले जनाएको छ।

पीटीआईको पञ्जाव प्रान्त कमिटीले इमरान खानलाई कोट लखपत जेल लगिएको जानकारी ट्विटरमा लेखेको छ।

इस्लामावाद जिल्ला अदालतले शनिबार सरकारमा हुँदा प्राप्त गरेको उपहार बिक्री गर्दा पाएको रकमको जानकारी नगराएको भ्रष्टाचार मुद्दामा तीन वर्ष जेल सजाय र एक लाख रुपैयाँ (पाकिस्तानी रुपैयाँ) जरिवाना हुने फैसला सुनाएको थियो।

यो सजायसँगै इमरान खान पाँच वर्ष चुनाव लड्न अयोग्य हुने पाकिस्तान चुनाव आयोगका वकिल अमजद परवेजले बताएको समाचारमा उल्लेख छ।

मुद्दाको सुनुवाइका क्रममा इमरान खान र उनका वकिल इजलास समक्ष अनुपस्थित रहेका थिए। इमरान खानको पार्टीले भने अदालतबाट पक्षपाती फैसला भएको भन्दै आपत्ति जनाएको छ।

खानलाई गत वैशाखमा पनि पक्राउ गरिएको थियो। त्यसपछि पाकिस्तानी सेनाको मुख्यालयसहित विभिन्न ठाउँमा खानका कार्यकर्ताले आक्रमण गरेका थिए।

# जनआकाश मिडियाले तीज गीत बजारमा ल्याउदै

काठमाडौ । जनआकाश मिडिया ग्रुपद्धारा एकपछि अर्को गर्दै म्युजिक भिडियो सार्वजनिक भईरहेकाछन् । त्यसमा पछिल्लो पटक “कति राम्रो रामेछापको शिन” बोलको म्युजिक भिडियो सार्वजनिको तयारीमा जुटेको जन आकाश मिडिया प्रा.लि.ले अर्को तीज गीत बजारमा ल्याउनको लागि प्रतियोगिता नै आयोजना गरेर काम अगाडी बढाएको जनआकाश मिडियका अध्यक्ष मोहन कार्कीले जानकारी दिएकाछन् ।

उनको भनाई अनुसार नेपाली नारीहरुको महत्वपुर्ण पर्व “तीज”लाई विशेष बनाउन जनआकाश मिडियाले जनआकाश साप्ताहिको बार्षिकोत्सवको अवसर पारेर छनौट गर्ने गरी यहि असार २० गतेवाट साउन ५ गतेसम्म सुसेली तीज गीतको लागि आवेदन आवहन गरेको थियो उक्त समयमा ३९ जना प्रतियोगीले भाग लिएर सुसेली तीज गीत जनआकाश मिडियाको छनौट टिमलाई पठाएका थिए ।

सोही प्रतियोगिहरुको सुसेली गीतलाई यहि मितिः २०८० साल साउन २० गते काठमाडौमा उपलब्ध प्रयितयोगीको भिडियो रेकर्ड गरेको छ । काठमाडौ उपत्यकाभन्दा बाहिरका प्रतियोगीहरुको भिडियो अनलाइनवाट देखाईएको थियो ।



२०८० सुसेली तीज गीत प्रतियोगितामा सहभागी भएका प्रतियोगीहरुको छनौट सार्वजनिक २०८० साल साउन ३१ गते जन आकाश साप्ताहिकको १६ औ बार्षिकोत्सवको अवसर पारेर छनौट सार्वजनिक हुने आयोजकले बताएको छ । उक्त ३९ प्रतियोगि मध्य फस्ट हुने सुसेली गीतलाई जनआकाश मिडियाले पुर्ण स्वामित्व लिएर निर्माण गर्ने उल्लेख छ ।

**प्रतियोगी सुसेली गीत रचनाकारहरुको नामवली यस प्रकार छ :**

प्रभा पोखरेल, सविता दवाडी, रमा आचार्य, डा. सीता सुवेदी पन्थी, जमुना कायस्थ, उषा केसी, सानू शर्मा, विमला ढकाल, चन्द्रावती अधिकारी, जानुका थापा रायमाझी, विनुबाबा घिमिरे,

कमला देवकोटा, सुलि पौडेल, यसोदा गिरी, अम्बिका अधिकारी, उर्मिला पन्त पाण्डे, सरिता थापा मगर, रीता थपलिया, विमुन्स पौडेल, शारदा आचार्य, तिला लेकाली, चन्द्रा न्यौपाने, सविता दवाडी, भवानी मैयाँ पन्त, सफलता न्यौपाने, गंगा लिगल, गीता अर्याल, सविता केसी, रमा आचार्य, पुनम घिमिरे, राधिका पुरी सानु, सुचिता काफ्ले, सुमित्रा श्रेष्ठ, गंगा आचार्य सापकोटा, सुशीला ढकाल अधिकारी, इन्दिरा रेग्मी, कल्पना अधिकारी भट्टराई, ललिता दोषी, भवानी घिमिरे

# दृष्टि बिहिन बालबालिकाको सहयोगार्थ च्यारिटी कन्सर्ट सम्पन्न

काठमाडौ । दृष्टि बिहिन तथा अपांगता भएका बालबालिकाको सहयोगका लागि डिलाइट च्यारिटी कन्सर्ट २०२३ आयोजना गरिएको छ । डिलाईट हेरिटेज म्यूजिक र जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरले संयुक्त रुपमा कन्सर्टको आयोजना गरेको हो ।

ठमेलस्थित मर्याङ्दी होटलमा गरिएको उक्त कन्सर्टमा डिलाइट म्यूजिक स्कूलका विद्यार्थीहरुले आफुले सिकेको सांगीतिक कला प्रस्तुत गरेका थिए । शिक्षाको अभाव झेलेका दुर्गमका दृष्टिविहिन बालबालिकाहरुलाई सांगीतिक अभ्यास गराउँदै आएको जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरले विगत तीन वर्षदेखि बाद्यावादन अन्तर्गत मादल, तवला, गिटार, सारङ्गी, हार्मोनियम, पीएनो, जाइलोफोन लगायतका सिप सिकाउदै आएको छ ।

ताइवानी नागरिक जेवेल चिएङले स्थापना गरेको जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरबाटै उक्त सांगीतिक कक्षाहरु सञ्चालन हुँदै आएको छ । उक्त केयर सेन्टरका फाउण्डर समेत रहेकी चिएङकै सम्पूर्ण सहयोगमा विभिन्न जिल्लाका १२५ भन्दा बढी असाहय दृष्टिबिहीन बालबालिकाहरुले बाध्यबादन सम्बन्धी सबै खाले सिप सिक्दै आएको




डिलाइट एक्सप्लोरिङ हेरिटेज म्युजिकका कार्यकारी अधिकृत राजेश गुरुङले जानकारी दिए ।

देशभर विभिन्न ठाउँबाट आएका दृष्टिविहीन बालबालिकाहरुलाई विगत तीन वर्षदेखि संगीत तथा बाद्यवादन सिकाउनका लागि आवश्यक खर्चको व्यवस्था ताइवानी नागरिक जेवेल चिएङले गर्दै आएको गुरुङले बताए ।

विद्यार्थीहरुलाई विभिन्न संस्था त्रि-नेत्र फाउन्डेशन, स्नो मञ्जुश्री स्कुल, बज्र अर्या फाउन्डेशन, सेन्टर फर डिजावेल्ड चिल्ड्रेन एशोसिएसन एण्ड बोदिचित्त डेभलपमेन्ट सोसाईटी फर्पिङले पठन-पाठन तथा खानाको व्यवस्था गरिरहेको छ ।

उनीहरुलाई थप व्यवहारिक ज्ञान दिनका लागि सम्बन्धित संस्थामै गएर सांगितिक ज्ञान सिकाउने गरेको गुरुङको भनाई छ । यहाँ सिप सिकेका कतिपय बालबालिकाहरुले नाचघर लगायतका विभिन्न सांगीतिक कार्यक्रममा अवसर पाउने गरेको उनले जानकारी दिए ।

सांगीतिक कार्यक्रममा भाग लिँदा उनीहरुले आर्थिक सहयोग, सम्मान तथा पुरस्कार समेत पाउने गरेको गुरुङले बताए । सो कक्षा सञ्चालनका लागि शिक्षकको व्यवस्था ताइवानी नागरिक चिएङले व्यवस्था गरेका छन् भने उनले नेपालमा विभिन्न सामाजिक कार्य गर्दै आएका छन् ।

जुजुमामा चिल्ड्रेन एजुकेशन एण्ड केयर सेन्टरले प्रत्येक वर्ष यस्ता सांगितिक कार्यक्रमहरु गर्दै आएको छ ।

# हामी तीन भाई फिल्मको छायांकन सुरु

काठमाडौँ । मधुसुदन भट्टराईको निर्देशनमा निर्माण हुने फिल्म हामी तीन भाईको छायांकन सुरु भएको छ । असार २९ गते गोर्खास्थित मनकामना मन्दिरमा स्कृप्ट पुजा गरेर शुभमुर्हूत गरिएको फिल्मको शुक्रबारबाट मकवानपुरको चित्लाङबाट छायांकन सुरु गरिएको हो ।

साजित महत प्रस्तुतकर्ता रहेको फिल्ममा विनोद न्यौपाने, लक्ष्मी



बर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहान्वी बस्नेत, फलित राई, राजाराम पौडेल, रवीन्द्र झा, बिष्णु सापकोटा हर्के हवल्दार, यादव देवकोटा सरापे, भुवनकुमार काफ्ले, नयन कला फुयाँल, पवन केसी, अन्जु हमाल, विकास चापागाईं, सुष्मा निरौला, राज दिप, तारा शर्मा र बाल कलाकार एलेक्स खड्काको अभिनय रहनेछ ।

निर्देशक भट्टराईको कथा रहेको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन् । विक्रम तामाङ कार्यकारी निर्माता, त्रिरत्न श्रेष्ठ निर्माता र प्रतिमा थापा पोखरेल र भक्तलाल श्रेष्ठ फिल्मको सहनिर्माताामा छन् । बिशेष सहयोगीमा शम्भु कुमार केसी र मनोज श्रेष्ठ रहेका छन् ।

शिव ढकालको छायांकन, कविराज गहतराजको कोरियोग्राफी, देव महर्जनको द्धन्द्ध निर्देशन, एसबी सापकोटाको संगीत र बनिष शाहको सम्पादन फिल्ममा रहने छ ।

# अक्षय कुमारको फिल्म ‘ओ माइ गड २’ को ट्रेलर सार्वजनिक

बलिउड अभिनेता अक्षय कुमार अभिनीत फिल्म ओ ‘माइ गड २ ‘ को ट्रेलर सार्वजनिक भएको छ ।

बिहीबार भायकम १८ स्टुडियो युट्युब च्यानलमार्फत फिल्मको ट्रेलर सार्वजनिक गरिएको हो । सार्वजनिक ट्रेलरमा पंकज त्रिपाठीलाई आस्तिक र अक्षय कुमारलाई भगवान शिवको सन्देशवाहकको रूपमा प्रस्तुत गरिएको छ ।

यसअघि फिल्ममा अक्षय कुमारलाई भगवान शिवको रूपमा प्रस्तुत गरिने बताइएको थियो । भारतीय फिल्म सेन्सर बोर्डले उक्त कुरामा आपत्ति जना( एपछि उनलाई भगवान शिवको सन्देशवाहकको रूपमा प्रस्तुत गरिएको हो । साथै फिल्ममा केही संवाद र दृश्य पनि परिमार्जन गरिएको छ ।

अमित राय लिखित तथा निर्देशित फिल्ममा अक्षय र पंकज सँगै यामी गौतमको मुख्य भूमिका छ । यो फिल्म अगस्ट ११ देखि प्रदर्शन हुँदैछ ।



## शीर्षक :- तीज पव



*कृष्णप्रसाद पौडेल (के.पी.पौडेल जस्ताघरे)*

गरौं सम्झना
तीज पर्व मेलाको
शुभकामना ।-१

छ घमाइलो
तीज पर्व खुसीको
यो रमाइलो ।-२

तीज पर्वमा
दर खाई नाच्नु छ
टोल टोलमा ।-३

ठुली , सान्नानी
रीता, गीता, रमिता
झिक्छन् कहानी ।-४

गरून् प्रगति
दिदी बैनी मिलेर
त्यागून् विकृति ।-५

डिस्को नाचेर
के को शुभकामना
रक्सी पिएर ।-६

यस्तो हर्कत
रोकौं दिदी बैनी हो
झिकौं हिक्मत ।-७

व्रत बसेर
खीर फल खाएर
नाचौं हाँसेर ।-८

राम्रो छ रीति
लोक भाका गाएर
उठ्छ संस्कृति ।-९

बढ्छ गरिमा
तीज लोक दोहोरी
राम्रो महिमा ।-१०

भन्छन् तीज यो
नारीमर्म वेदना
पोख्ने पर्व हो ।-११

दिदी बैनीको
तीज राम्रो पर्व हो
दुःख सुखको ।-१२

जन्म घरका
बा आमा दाजु भाइ
नाचून् चेलीका ।-१३

कर्म घरका
नन्द सासू ससुरा
हाँसून् चेलीका ।-१४

व्रत प्रीतले
नेपालीको संस्कृति
थामोस् तीजले ।-१५

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १/२०७७/०७८


# हुण्डाईको " Wheels of Change" एक्सचेन्ज अफर योजना

काठमाडौं । नेपालमा हुन्डाई गाडीहरुको आधिकारिक वितरक, लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लि. ले "Wheels of Change" नामक एक्सचेञ्ज अफर योजना ग्राहकहरु माझ ल्याएको छ ।

श्रावण १८ बाट सुरु हुने यो योजना हुण्डाई नेपाल अन्तर्गतको इन्टरप्राइजेज् र रेसिङ्ग अटोमोबाइल इन्टरप्राइजेज् गरी ५ प्रतिष्ठित एक्सचेञ्ज पार्टनर्सहरु संग सहकार्य गरेको छ ।

यो योजना नेपालभरीनै लागू हुने भएकोले उपत्यका बाहिर यो योजनामा सहभागी हुन आफ्नो नजिकैको हुण्डाईको शोरुममा माध्यमद्वारा यो एक्सचेञ्ज योजना सफल बनाउन हुण्डाई प्रतिबद्ध छ ।

यस एक्सचेञ्ज योजना सहभागी भई उत्कृष्ट प्रविधिद्वारा निर्मित र विभिन्न अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भइसकेका हुण्डाईका compact SUV, SUV, EV tyf hatchback मध्येबाट आफ्नो




Hyundai Promise को सहकार्यमा ५ प्रतिष्ठित कार एक्सचेञ्ज विक्रेताहरुसँगको साझेदारीमा ल्याइएको हो । आफ्नो कुनै पनि ब्राण्डको गाडी ल्याएर हुण्डाईको उत्कृष्ट, गुणस्तरीय र विश्वसनिय इन्धनयुक्त वा विद्युतिय उत्पादनसँग एक्सचेञ्ज गर्न सकिने कम्पनीले जनाएको छ ।

हुण्डाईले आफ्ना ग्राहकहरुको आवश्यकता र सन्तुष्टिलाई ध्यानमा राखी "Wheels of Change" योजना ल्याएको छ, जस अन्तर्गत काठमाण्डौ अटोमोबाइल सेन्टर, बाबा बसेरा अटो ग्रुप प्रा.लि., आर के अटो सेन्टर, श्रेया अटो जान सकिनेछ । अत्यधिक लाभ र विशेषता सहितको यो योजनाले ग्राहक महानुभावहरुलाई हुण्डाईको विभिन्न उपलब्ध मोडलहरुमा रु. ५,००,००० सम्मको नगद छुट, रु. १,५०,००० सम्मको एक्सचेञ्ज बोनस र रु.२५,००० सम्मको एसेसरिज पनि प्राप्त गर्न सक्नेछन् ।

एक्सचेञ्ज पार्टनर र हुण्डाई शोरुममा गएर हुण्डाई गाडीको टेष्ट ड्राइभ गरी आकर्षक उपहारहरु पनि जित्न सकिने कम्पनीद्वारा जारी प्रेश विज्ञप्तिमा उल्लेख गरिएको छ । योजना स्थलमै तुरुन्तै पुरानो गाडीको मूल्याँकन गरी छिटो छरितो रोजाई र आवश्यकता अनुसार छनौट गर्न सक्नेछन् । सबै हुन्डाईका गाडीमा ३ वर्ष वारेन्टी र ६ वर्षको फ्रि सर्भिसिङ्ग उपलब्ध छ ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लि. ले नेपाल भरी १७ शोरुमहरु तथा १९ सर्भिस सेन्टरहरु ४३ चार्जि ङ्ग पोइन्टसहरु मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ । हुन्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमोबाइल उत्पादक मध्येमा पर्दछ । यस कम्पनीका उत्कृष्ट उत्पादनहरुले विश्वभरी करोडौं ग्राहकहरुको मन तथा विश्वास जित्न सफल भएको छ ।

---

काठमाडौं। महिन्द्रा ग्रुपले ३ वर्षभित्र ५ वटा मोडलका विद्युतीय गाडी (ईभी) ल्याउने भएको छ। कम्पनीले ५ वटा मोडलका ईभी एक्सयुभी ई-९ बजारमा आउनेछन्। एक्सयुभी ई-८ सन् २०२४ को डिसेम्बरदेखि बिक्री गर्ने लक्ष्य छ ।

बीईका तीन वटा मोडल



महिन्द्राले बीई-०७ एसयुभी २०२६ अक्टोबरमा लन्च गर्नेछ। यो गाडी बीई-०५ भन्दा विल्कुल फरक हुनेछ। पुरानो एसयुभीमा भएको

सन् २०२६ को अक्टोबरसम्म बजारमा ल्याउने योजनामा काम गरिरहेको जनाएको छ।

कम्पनीले यसका लागि १० हजार करोड भारु लगानी गर्ने बताएको छ। यी सबै मोडलका ईभी महिन्द्राको आईएनजीएलओ स्टेकबोर्ड प्लाटफर्ममा निर्माण गरिंदै छ। पहिलो गाडी सन् २०२४ को डिसेम्बरसम्म सार्वजनिक गरिने कम्पनीले जनाएको छ। यो प्लेटफर्मले ६०-८० किलो वाट आवर(युनिट) सम्मको ब्याट्री क्षमताका साथ ब्लेड र प्रिज्म्याटिक सेल संरचना प्रयोग गर्नेछ ।

यो आर्किटेक्चर १७५ किलो वाटसम्मको द्रुत चार्जिङसँग उपयुक्त हुनेछ। ३० मिनेटमा ८० प्रतिशतसम्म चार्ज गर्न सकिने कम्पनीको दाबी छ। कम्पनीका अनुसार गाडी टु ह्वील र फोर ह्वील ड्राइभ मोडेलमा हुने छन्।

एक्सयुभी-ई र बीई गरी २ ब्रान्डमा गाडी बिक्री गरिने कम्पनीले जनाएको छ। सुरुमा एक्सयुभी-ईका दुई मोडल एक्सयुभी ई-८ र छन् । बीई-०५, बीई-०७ र बीई-०९ मोडल सार्वजनिक भएका हुन। बीईको पहिलो मोडल २०२५ को अक्टोबरदेखि बिक्रीमा ल्याउने कम्पनीको योजना छ ।

बीई-०५ कुप-एसयुभीलाई स्पोर्टस् इलेक्ट्रिक भेइकल (एसईभी) को रूपमा निर्माण गरिनेछ। यसको हेडलाइटमा एंगुलर सी आकारको आक्रामक फ्रन्ट-एन्ड समावेश गरिने र अगाडिको बाँकी डिजाइनमा बोनेटमा प्रख्यात एयर डक्टको साथ धेरै सार्प कट र क्रिज समावेश हुने कम्पनीले जनाएको छ ।

बीई-०५ मा ठूला पाङ्गा र स्क्वायर-अफ ह्वील आर्कलाई कालो रंगको प्रयोग गरिने छ । लण्डनमा सार्वजनिक गरिएको शोकेस अनुसार यसमा स्लोपिङ रुफमा जस्तै रेखा छ। यस्तै पछाडिको भागमा अपराइट, सी-आकारको टेल-ल्याम्प र ह्याबी स्टाइल भएको बम्पर छ। यसमा गियर लिभर र ठूलो गियर चयनकर्ताका लागि रोटरी नियन्त्रणको सुविधा पनि छ । डिजाइनका साथै सी-आकारको हेडलाइट र टेल-लाइट हुनेछन् ।

महिन्द्राले यसलाई ४५६५ एमएम लम्बाइ, १९०० एमएम चौडाइ र १६६० एमएम उचाइको बनाउने छ। बीई-०५ मोडलभन्दा थोरै ठूलो यो मोडलमा उही २७७५ एमएमको ह्वील-बेस हुनेछ। यो हालको हुन्डाई क्रेटा र महिन्द्रा एक्सयुभी ७०० जस्तै हुनेछ ।

बीई-०९ मोडल कहिलेबाट बजारमा आउँछ भन्ने महिन्द्राले खुलाएको छैन। यो चार सिटरको हुने छ ।

यी गाडीहरुमा ६०-८० किलो वाट क्षमताको ब्याट्री उपलब्ध हुनेछ। १७५ किलोवाटको फास्ट चार्जिङ सुविधा हुने भएकाले ३० मिनेटमै ८० प्रतिशत चार्ज गर्न सकिनेछ ।

यस्तै १७० देखि २९० किलो वाटसम्मको मोटरको व्यवस्थाका कारण प्रतिघण्टा १०० किलोमिटर दौडाउन मिल्नेछ। एक पटकको फुल चार्जमा ४५० किलोमिटरसम्म लान मिल्ने कम्पनीले जनाएको छ ।

---

# मेगाटेकका विद्युतीय रिक्सा

मोरङ – सूचना प्रविधिको क्षेत्रमा सक्रिय मेगाटेकले नेपालमै पहिलो पटक च्याचिस नम्बरसहितको विद्युतीय रिक्सा निर्माण गरेको छ। मेगाटेक प्रालिले सामुराई ब्रान्डका विद्युतीय रिक्सा शनिबार बजारमा ल्याएको हो ।

सामुराई प्लस, सुपर प्लस, सामुराई भेजी ओपन, सामुराई भेजी क्लोज, सामुराई फुडिज र सामुराई पावर लोडर नाम दिइएका मोडलको बिक्री थालिएको मेगाटेकका प्रबन्ध निर्देशक सुजन थापाले बताए ।

रिक्साले स्वरोजगारीका लागि उपयोगी भएको उनको भनाइ थियो ।

एसियन ब्याट्री उत्पादन गर्दै आएका मेगाटेकले यसअघि अन्य विद्युतीय रिक्सा उत्पादक कम्पनीलाई ब्याट्री आपूर्ति गर्दै आएको थियो। रिक्सा बिग्रँदा विद्युतीय रिक्सा उत्पादक कम्पनीले आफ्नो कमजोरी लुकाई ब्याट्रीमा नै समस्या भएको भनेर हैरान पार्दै आएकाले आफैंले उत्पादन सुरु गरेको प्रबन्ध निर्देशक




सामुराई प्लस र सुपर प्लस भने यात्रुवाहक विद्युतीय रिक्सा हुन्। अरू मोडललाई दैनिक रूपमा तरकारी बेच्न, बेकरी क्याफेका रूपमा प्रयोग गर्न, फास्टफुड बिक्रीका लागि उपयोगी बनाइएको कम्पनीका बजार व्यवस्थापक विकास उप्रेतीले जानकारी दिए। चिया, नास्ता पसल, तरकारी पसल सञ्चालन गर्ने गरी तयार पारिएको थापाले बताए ।

उनले बजारमा उपलब्ध रहेका विद्युतीय रिक्सामा जस्तो रंग नउड्ने र उच्च गुणस्तरको फलाम प्रयोग गरेर निर्माण गरिएको बताए। चारवटा ब्याट्री लाग्ने रिक्साले एक पटकको चार्जमा १५० किलोमिटर गुड्ने क्षमता रहेकोथापाले बताए ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस